# सामुदायिक वन कार्ययोजना

क्रम संख्या :-

| रामेछाप | चिसापानी | मन्थली | ...... |
|---|---|---|---|
| डिभिजन | सब डिभिजन | ना.पा. | संख्या |

| | |
|---|---|
| वनको नाम | : भालुबतासे सामुदायिक वन |
| ठेगाना | :मन्थली ना.पा.-१२ |
| डिभिजन | : रामेछाप |
| क्षेत्रफल | :१७८.२३ हे. (उत्पादनशील-१६०.४ हे.) |
| घरधुरी संख्या | :३०२ |
| जग्गाको स्वामित्व | : नेपाल सरकार |

## वन व्यवस्थापन कार्ययोजना

(आ.व. २०८१/०८२ देखि आ.व. २०९१/०९२ सम्म)

## पाँचौ परिमार्जन २०८१

# COMMUNITY FOREST OPERATIONAL PLAN

**FY 2081/82 To FY 2091/92**

**Serial No. :-**

| Ramechhap | Chisapani | Manthali | ….. |
|---|---|---|---|
| District | Sub-division | Municipality | Number |

# श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूह

मन्थली ना.पा._१२ ,रामेछाप

# वन व्यवस्थापन कार्ययोजना

## पाँचौ परिमार्जन २०८१

प्राविधिक सहयोग गर्ने

सामुदायिक वन उपाभोक्ता महासंघ नेपाल, जिल्ला महासंघ रामेछाप

सिफारिस गर्ने

……………………………………………

सहयोग क्षेत्री, वन अधिकृत
चिसापानी स.डी.व.का.
मन्थली ,रामेछाप

सिफारिस गर्ने

……………………………………………
……………………………………………

योजना तथा व्यवस्थापन शाखा
डिभिजन वन कार्यालय रामेछाप

पेश गर्ने

……………………………………………

लिला बहादुर बुढा
अध्यक्ष
भालुबतासे सा. व. उ. स.
मन्थली ना.पा.-१२, रामेछाप

स्वीकृत गर्ने

……………………………………………

ओमसागर भण्डारी
डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय रामेछाप
रामेछाप

समूह दर्ता नं :-   /   /

# श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूह

मन्थली ना.पा._१२ ,रामेछाप

स्थापना: २०५१

पत्र संख्याः

चलानी नं.ः मितिः २०८१/..../......

**बिषय : सामुदायिक वन कार्ययोजना परिमार्जन सम्बन्धमा ।**

श्रीमान् डिभिजनल वन अधिकृत ज्यू,

डिभिजन वन कार्यालय, रामेछाप।

महोदय,

उपरोक्त विषयमा वन ऐन २०७६, वन नियमावली २०७९, सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ र सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित) २०७१ को अधिनमा रहि तयार पारी मिति २०८१/...../..... गतेको साधारण सभाबाट पारित सामुदायिक वन संरक्षण, विकास, सम्वर्द्धन र सदुपयोग गर्ने उद्देश्यले तयार पारिएको यस श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूहको १० वर्षे वन व्यवस्थापन कार्ययोजना (पाँचौ परिमार्जन २०८१) लाई स्वीकृत गरिदिनु हुन यो निवेदन पेश गरेका छौं।

**सामुदायिक वनको नाम र ठेगानाः** श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूह मन्थली ना.पा.१२

**चारकिल्लाः**

पूर्व :- तामाकोशी    पश्चिम :- जल्फे पानी सा . व

उत्तर :- सेतीदेवी र सेरादेवी सा . व    दक्षिण :- आवादी

क्षेत्रफल :- १७८.२३ हेक्टर (उत्पानदशीलः- १६०.४ हेक्टर)

**निवेदक**

| **क.सं.** | **नाम र थर** | **ठेगाना** | **पद** | **दस्तखत** |
|---|---|---|---|---|
| १ | लिला बा. बुढा | | अध्यक्ष | |
| २ | यम बा .खड्का | | उपाध्यक्ष | |
| ३ | सुरेन्द्र अधिकारी | | सचिव | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| | | | | |

मितिः २०८१/..../.......

## श्री भालुबतासे सामुदायिक वनको सिमाना देखाईएको नक्सा



# श्री भालुबतासे सामुदायिक वनको गुगल अवस्थिति नक्सा



## श्री भालुबतासे सामुदायिक वनको नमुना बिन्दु देखाईएको नक्सा



# श्री भालुबतासे सामुदायिक वनको खण्ड विभाजन सहितको नक्सा



# कबुलियतनामा

लिखितम रामेछाप जिल्ला मन्थली ना.पा._१२ स्थित श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट अख्तियार प्राप्त पूर्वमा तामाकोशी, पश्चिममा जल्फे पानी सा . व , उत्तरमा सेतीदेवी र सेरादेवी सा . व र दक्षिणमा आवादी यति चार किल्ला भित्रको १७८.२३ हेक्टर क्षेत्रफल भएको राष्ट्रिय वन वन ऐन २०७६ र वन नियमावली २०७९ को अधिनमा रही यसै साथ संलग्न वन कार्ययोजना अनुरुप तपशिलका शर्तहरु बमोजिम सामुदायिक वनको रुपमा जिम्मा लिई वनको संरक्षण, सम्बर्द्धन, विकास तथा सदुपयोग गर्न मञ्जुर छौं। कबुलियत बमोजिमको शर्त पालना नगरेमा वन ऐन २०७६ र वन नियमावली २०७९ बमोजिम सहुँला बुझाउँला भनी खुशीराजीसँग यो कबुलियतनामा लेखी डिभिजन वन कार्यालय रामेछाप मार्फत नेपाल सरकारमा चढायौं।

<u>तपशिल</u>

१. स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक अन्य काम कारवाही गर्ने छैनौं।

२. आफूले सामुदायिक वनको रुपमा पाएको वनक्षेत्र लगायत अन्य वनक्षेत्रमा अतिक्रमण वा अन्य कुनै प्रकारले हानी नोक्सानी गर्ने गराउने छैनौं।

३. समय-समयमा डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरुप कार्य गर्नेछौं।

४. उपभोक्ता समूहमा भए गरेको कामको अनुगमन फाराम बमोजिम प्राप्त जानकारी समावेश गरी बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र डिभिजन वन कार्यालयमा पेश गर्नेछौं।

५. वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम काम गर्न नसकेमा वा कार्ययोजना विपरित काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेको वा ऐन वा वन नियमावली तथा नेपाल सरकारले तोकेको शर्तहरु पालना नगरेको प्रमाणित हुन आएमा ऐन नियम बमोजिम कारवाही गरेमा हाम्रो मञ्जुरी छ।

६. सामुदायिक वनभित्र वन विकास कार्य बाहेक अन्य कुनै सार्वजनिक विकास निर्माणका कार्यहरु जस्तैः सडक, खानेपानी, सिंचाई कुलो आदि सञ्चालन गर्नुपर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गर्नेछौं।

७. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को विपरीत हुने गरी कुनै वन्यजन्तु पक्रने वा मारिने छैन, यदि कोही कसैले त्यस्तो कार्य गरे, गराएमा कसुरदातालाई पक्राउ गरी कारवाही गर्न सहयोग गर्नेछौं।

८. सामुदायिक वन सम्बन्धी क्रियाकलापको स्थलगत निरीक्षणको कार्यमा आउने वन कर्मचारीलाई आवश्यक सहयोग गर्नेछौं।

९. सामुदायिक वनको प्रमाण-पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण-पत्र लिन रु. २५/- दस्तुर तिर्न मञ्जुर छौं।

१०. कार्ययोजना संशोधन गरी आगामी कार्यक्रमहरु सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी तोकिएको मापदण्ड पूरा गरी मात्र गर्नेछौं।

११. सामुदायिक वनको विकास, संरक्षण, सम्बर्द्धनको लागि आवश्यक प्राविधिक सहयोग डिभिजन वन कार्यालय, सब-डिभिजन वन कार्यालय र अन्य सहयोगी संस्था भित्र रहेका प्राविधिकहरुबाट लिनेछौं।

१२. सामुदायिक वनबाट स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने वनपैदावर मात्र वन उपभोक्ता समूह भित्र समतामूलक रुपमा बिक्री वितरण गर्नेछौं।

१३. सामुदायिक वनमा मुख्य वनपैदावारको घनत्व र उत्पादनमा ह्रास नआउने गरी अन्नबाली बाहेकका लामो समयसम्म एउटै बोटले उत्पादन लिन सकिने खालका बाँस, अम्रिसो र जडिबुटी जस्ता नगदे बाली मात्र लगाउनेछौं।

१४. वन कार्ययोजनामा उल्लेख भएको बार्षिक रुपमा कटान गर्न तोकिएको परिमाण भन्दा बढी रुख वा काठ कुनै पनि हालतमा काट्ने छैनौं।

१५. वन कार्ययोजनामा वन सम्बन्धी कार्यहरु संशोधन गर्नु परेको अवस्थामा साधारण सभाको बैठकमा वन प्राविधिकलाई आमन्त्रण गर्नेछौं।

१६. समूहले वन विकास र सामाजिक विकासका क्रियाकलापको लागि आवश्यकता महशुस गरेमा अन्य संघसंस्थासँग समन्वय गरी सहयोग लिन सक्नेछ।

१७. कुनै किसिमका तालिम, गोष्ठी, सेमिनार तथा भ्रमणमा सहभागी पठाउँदा इच्छुक तथा बिषयगत दक्षता भएकालाई सहभागी गराउने छौं । यसरी सहभागी पठाउँदा महिला, गरिब, विपन्न, दलित, जनजाति तथा पछाडि परेका वर्गलाई विशेष ध्यान दिइ समावेश गर्नेछौं।

१८. साधारणतया वन कार्ययोजना तयार भई लागू भएको मितिले कम्तिमा २ (दुई) बर्ष नभई परिमार्जन गरिने छैन। यदि सो अवधिभित्र विशेष परिस्थिति परी कार्ययोजनाको परिमार्जन गर्नुपर्ने भएमा साधारण सभामा विधानमा दर्ता भएका घरधुरीको ५१ प्रतिशतको निर्णयबाट पारित गराई संशोधन प्रकृया बढाउनुपर्नेछ।

१९. वन उपभोक्ता समूहका पदाधिकारीहरुले वन ऐन २०७६, वन नियमावली २०७९ र समूहको विधान र कार्ययोजना विपरीत काम कारवाही गरेमा ऐन नियम बमोजिम सजाय भएमा हाम्रो मञ्जुर छ।

२०. वन ऐनमा उल्लेख भए बमोजिम कार्ययोजना अनुसार प्राप्त भएको आम्दानीको कम्तीमा २५ (पच्चीस) प्रतिशत रकम अनिवार्य रुपमा वनको संरक्षण, विकास र व्यवस्थापनका लागि खर्च गर्नेछौं।

| दाँया | बाँया |
|---|---|
| | |

रामेछाप जिल्ला मन्थली ना.पा._१२ अन्तर्गत श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूहका तर्फबाट अध्यक्ष श्री लिला बा. बुढा

..........................................................................................१

| दाँया | बाँया |
|---|---|
| | |

रामेछाप जिल्ला मन्थली ना.पा._१२ अन्तर्गत श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूहका तर्फबाट सचिव श्री सुरेन्द्र

आधिकारी..............................................................................२

ईति सम्वत् २०८१ साल ..... महिनाको ...... गते रोज ..... शुभम्।

# बिषयसूची

................................................................................................................ I

**कबुलियतनामा ........................................................................................ VIII**

**सामुदायिक वनको संक्षिप्त परिचय ........................................................ १**

**परिच्छेद १ ............................................................................................ ३**

**सामुदायिक वनको परिचय ........................................................................ ३**

प्रस्तावना ........................................................................................... ३

१.१ सामुदायिक वन उपभोक्ता समूहको नाम र ठेगाना ........................................ ३

१.२ परिभाषा ........................................................................................ ३

१.३ वनको ऐतिहासिक पृष्ठभूमि ............................................................... ५

१.४ वन कार्ययोजना तयारी प्रकृया ............................................................ ६

१.४.१ वन सिमाङ्कन तथा नक्सा तयारी ........................................................ ६

१.४.२ सामुदायिक वनको स्रोत सर्वेक्षण ...................................................... ६

१.४.३ तथ्याङ्क विश्लेषण ........................................................................ ६

१.४.४ छलफल तथा अन्तक्रिया ................................................................. ६

१.५ वन पैदावारको माग तथा आपूर्ति र वैकल्पिक उपायहरु ................................. ६

१.५.१ मागको आँकलन ............................................................................ ७

१.५.२ वन पैदावार सङ्कलन तथा विक्रिवितरण ............................................... ७

१.५.२ वन पैदावार आपूर्तिको वैकल्पिक उपायहरु ......................................... ७

१.६ सामुदायिक वन उपभोक्ता समूहलाई दिइएका सुझावहरु ................................ ७

**परिच्छेद २ ............................................................................................ ९**

**सामुदायिक वन तथा खण्डहरुको विवरण ................................................... ९**

२.१ वनको विवरण ................................................................................. ९

२.२ वनको नक्सा .................................................................................. ९

२.३ वन क्षेत्रको वर्तमान अवस्था ............................................................... ९

२.३.१ भौगोलिक अवस्थिति ....................................................................... ९

२.३.२ वनको संरक्षण ............................................................................. ९

२.३.३ माटो .......................................................................................... ९

२.३.४ वनमा रहेका पर्ती, खोला, ताल आदिको विवरण ...................................... ९

२.३.५ वनको किसिम र पाइने प्रजातिहरु ....................................................... ९

२.३.६ वनमा पाइने गैह्रकाष्ठ वन पैदावार ...................................................... ९

२.३.७ वनमा पाईने वन्यजन्तुहरु ............................................................... १०

२.३.८ वनको अवस्था ............................................................................ १०

२.४ वनलाई खण्डमा विभाजन .................................................................. १०

**परिच्छेद ३ .......................................................................................... १२**

**वन स्रोत सर्वेक्षण विधि, विश्लेषण तथा नतिजा ........................................... १२**

३.१ वन स्रोत सर्वेक्षण विधि ................................................................... १२

३.१.१ वनको सिमा सर्वेक्षण ..................................................................... १२

३.१.२ नक्सा तयारी तथा खण्ड विभाजन ...................................................... १२

३.१.३ स्याम्पलिङ विधि ................................................ १२
३.१.४ प्लट लेआउट तथा स्रोत सङ्कलन ................................................ १२
३.२ वन स्रोत विश्लेषण विधि ................................................ १३
३.३ वन स्रोत सर्वेक्षणको नतिजा ................................................ १३
३.३.१ पुनरुत्पादनको अवस्था ................................................ १३
३.३.२ वनको मौज्दात ................................................ १४
३.३.३ वनको अवस्था निर्धारण ................................................ २०
३.३.४ वार्षिक स्वीकार्य कटान परिमाण निर्धारण ................................................ २०
**तालिका ३.८: ................................................ २३**
**बार्षिक सङ्कलन गर्न सकिने खोटोको परिमाण ................................................ २३**
**परिच्छेद ४ ................................................ २४**
**वन व्यवस्थापन ................................................ २४**
४.१ वन व्यवस्थापनको लक्ष्य र उद्देश्य ................................................ २४
४.१.१ लक्ष्य ................................................ २४
४.१.२ उद्देश्य ................................................ २४
४.२ वन सम्बर्द्धन कार्यहरु ................................................ २५
४.२.१ झाडी सफाई ................................................ २५
४.२.२ गोडमेल तथा एक्ल्याउने ................................................ २५
४.२.३ पत्ल्याउने कार्य ................................................ २५
४.२.४ हाँगा काट्ने/लख्याउने (Pruning) ................................................ २५
४.२.५ अग्नी रेखा निर्माण ................................................ २५
४.३ वन संरक्षण कार्यहरु ................................................ २५
४.३.१ चोरी निकासी नियन्त्रण ................................................ २५
४.३.२ चरिचरण नियन्त्रण ................................................ २६
४.३.३ वन डढेलो नियन्त्रण ................................................ २६
४.३.४ वन अतिक्रमण हटाउने ................................................ २६
४.३.५ भू तथा जलाधार संरक्षण सम्बन्धी व्यवस्था ................................................ २६
४.३.६ जैविक विविधता संरक्षण ................................................ २६
४.४ वन विकास कार्यहरु ................................................ २७
४.५ वन सदुपयोग ................................................ २८
४.६ पर्यापर्यटन प्रवर्द्धन ................................................ २८
४.७ दिगो वन व्यवस्थापन ................................................ २८
**परिच्छेद ५ ................................................ २९**
**वन अपराध तथा दण्ड सजायय ................................................ २९**
५.१ सामुदायिक वनमा गर्न नहुने कार्यहरु ................................................ २९
५.१.१ वन नियमावली २०७९ को नियम ३१ बमोजिम सामुदायिक वनमा गर्न नहुने कामहरु ........ २९
५.१.२ सामुदायिक वनमा गर्न नहुने अन्य कार्यहरु ................................................ २९
५.२ सामुदायिक वनमा गर्न नहुने कार्य गरे गराएमा हुने सजाय ................................................ २९
५.३ सामुदायिक वनको वन पैदावरको मूल्य ................................................ ३०

**परिच्छेद ६ ............ ३२**
**कोष परिचालन ............ ३२**
६.१ कोष परिचालन सम्बन्धी व्यवस्था ............ ३२
६.२ लाभांश वितरण योजना ............ ३२
**परिच्छेद ७ ............ ३४**
**वन उद्यम विकास तथा आय आर्जन कार्यक्रम ............ ३४**
७.१ वन उद्यम विकास तथा प्रवर्धन कार्यक्रम ............ ३४
७.२ सीप तथा आयमुलक कार्यक्रम ............ ३४
७.३ विपन्न वर्गका लागि विशेष योजना ............ ३४
**परिच्छेद ८ ............ ३६**
**लैङ्गिक समानता र समावेशिकरण ............ ३६**
८.१ वन सुशासन सुधार योजना ............ ३६
८.२ लैङ्गिक समावेशिकरण योजना ............ ३८
८.३ सामाजिक समावेशिकरण योजाना ............ ४०
**परिच्छेद ९ ............ ४३**
**जलवायु परिवर्तन र जैविक विविधता संरक्षण ............ ४३**
९.१ जलवायु परिवर्तन ............ ४३
९.१.१ जलवायु परिवर्तन सन्दर्भ ............ ४३
९.१.२ जलवायु परिवर्तनका असरहरु ............ ४३
९.१.३ जलवायु परिवर्तन न्यूनीकरणका कार्यक्रमहरु ............ ४४
९.१.४ जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु ............ ४४
९.२ जैविक विवधता संरक्षण ............ ४५
९.२.१ जैविक विविधता सन्दर्भ ............ ४५
९.२.२ जैविक विविधता संरक्षण तथा व्यवस्थापनका विषेश कार्यक्रमहरु ............ ४५
९.३ जैविक विविधता अनुगमन योजना ............ ४६
**परिच्छेद १० ............ ४७**
**वन व्यवस्थापन कार्यक्रम ............ ४७**
१०.१ वार्षिक कार्यक्रम ............ ४७
**परिच्छेद ११ ............ ५३**
**समन्वय, अनुगमन तथा मूल्याङ्कन ............ ५३**
११.१ अनुगमन तथा मूल्याङ्कन विधि ............ ५३
११.२ समन्वय तथा सहकार्य योजना ............ ५३
११.३ सरोकारवाला निकाय तथा जिम्मेवारी ............ ५४
**परिच्छेद १२ ............ ५५**
**विविध ............ ५५**
१२.१ सामाजिक विकास निर्माण ............ ५५
१२.२ संस्थागत विकास ............ ५५
१२.३ शुसासन तथा क्षमता अभिबृद्धि ............ ५५
१२.४ भू-स्वामित्व र कार्ययोजनाको कार्यान्वयन ............ ५५

१२.५ कार्ययोजनाको अवधि तथा संशोधन सम्बन्धी व्यवस्था........................................................५५
१२.६ विभागीय निर्देशनको पालना........................................................५५
१२.७ निर्णय तथा सम्पन्न कृयाकलापको विवरण राख्नुपर्ने........................................................५५
१२.८ प्रतिवेदन पेश सम्बन्धी व्यवस्था........................................................५६
१२.९ पुरस्कार तथा भत्ताको व्यवस्था........................................................५६
१२.१० विधानको अंश मानिने........................................................५६
१२.११ सहयोगी संस्था........................................................५६
१२.१२ समितिका पदाधिकारीलाई कारवाही हुने........................................................५६
१२.१३ अन्य........................................................५६
**अनुसूचीहरुः**........................................................**५७**

# सामुदायिक वनको संक्षिप्त परिचय

## १. सामुदायिक वनको चारकिल्ला

पूर्व :- तामाकोशी
पश्चिम :- जल्फे पानी सा . व
उत्तर :- सेतीदेवी र सेरादेवी सा . व
दक्षिण :- आवादी

२. **वनको किसिम :-** साल,सिलाउने,सल्लाको मिश्रित प्राकृतिक वन।

३. **क्षेत्रफल** :-१७८.२३ हे. (जिपिएस सर्भे, २०७५)

४. **वनको खण्डको विवरण**

वनको व्यवस्थापन गर्नको लागि यस सामुदायिक वनलाई ३ वटा खण्डमा बाँडिएको छ।

५. **पुनरुत्पादनको अवस्था**

यस सा.व. को पुनरुत्पादनको अवस्था राम्रो रहेको छ। यस वनमा प्रति हेक्टर विरुवा संख्या र लाथ्रा संख्या २२२५ रहेको छ।

६. **वनको हालको अवस्था**

यस सामुदायिक वनको समग्र अवस्था राम्रो रहेको छ। यस वनमा रुखको औषत संख्या ८२.६७ प्रति हेक्टर रहेको छ। यस वनको औषत मौज्दात काठको १११.४५ घ.मि. र पोलको ३१.७८ घ.मि. गरी जम्मा १४३.२३ घ.मि. प्रति हेक्टर रहेको छ।

७. **वनमा रहेका मुख्य प्रजातीहरु**

यस सामुदायिक वनमा वन श्रोत सर्वेक्षण गर्दा ६ प्रजातिका रुख विरुवाहरु भेटिएको थियो।यस सामुदायिक वनमा साल,चिलाउने र सल्ला वाहुल्यता रहेको छ भने अन्य प्रजातिहरुमा खिर्रो,उत्तिस आँप भेटिएका छन्।सर्वेक्षण प्लटमा नपरेका तर वनमा रहेका अन्य प्रजातीहरुमा गुराँस, अंगेरी,सिरिस,आदि रहेका छन्।

८. **वार्षिक सङ्कलन गर्न सकिने वन पैदावारको परिमाण**

यस वनबाट वार्षिक औषत रुपमा रुखबाट जम्मा ३२२७.०६ क्यू. फि. काठ र १८०६.६९ भारि दाउरा सङ्कलन गर्न सकिने अनुमान गरिएको छ। यसमा पोल, झाडी सफाइ तथा अन्य वन सम्वर्धनका कार्यबाट प्राप्त हुने काठ तथा दाउराको परिमाण उल्लेख गरिएको छैन।

९. **निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था**

हाल यस वनका उपभोक्ताको निजी आवादिमा रहेका रुख प्रजातिहरुमा चिलाउने, कर्मा, बकाईनो, उत्तिस आदिको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्बा, मेवा, केरा, आदी पर्दछन।

१०. **वन संरक्षणको तरिका**

यस वनको संरक्षण गर्नका लागि उपभोक्ताहरुलाई परिचालन गरिएको छ। वनको संरक्षणको लागि चरिचरण नियन्त्रण र अग्नि रेखा निर्माणमा विशेष जोड दिईने छ।

११. **वन्यजन्तु**

यस वनमा पाइने स्तनधारी वन्यजन्तुहरुमा वन बिरालो, स्याल, बाँदर, खरायो, न्याउरीमुसो, मृग, चितुवा, दुम्सी, गुणाआदि पाईन्छन्। यसैगरी घस्रने वन्यजन्तुहरुमा सर्प, छेपारोका साथै चराचुरुंगीहरुमा कोइली, भंगेरा, काग, तित्रा, कालिज आदि पाईन्छन्।

१२. **भौगोलिक बनावट**

यो सामुदायिक वन वाग्मती प्रदेशको रामेछाप जिल्लाको लिखु तामाकोशी गाँउपालिकामा अवस्थित छ। यो सामुदायिक वन समुद्र सतहदेखि ६ ०० मिटरदेखि १०६० मिटरसम्मको उचाईमा रहेको छ। धेरैजसो भू-भाग मध्यम भिरालो रहेको छ। सामुदायिक वनमा विभिन्न किसिमको रातो र कालो ग्रेगर दोमट माटो रहेको छ।

१३. **वन कार्ययोजनाको अवधि** :- १० वर्ष (आ.व. ०८१/८२ देखि ०९१/९२ सम्म)

१४. **समूह दर्ता मिति** :- २०५१

१५. **सामुदायिक वनको कोड नं. :- –.**

१६. **उपभोक्ता घरधुरी संख्या** :- ३०२ ( जनसंख्याः (पु म. ))

१७. **समिति सदस्य संख्या** :- ९ (पुरुष ..... जना र महिला ...... जना)

# परिच्छेद १
# सामुदायिक वनको परिचय

## प्रस्तावना

रामेछाप जिल्ला, मन्थली ना.पा._१२ मा रहेका उपभोक्ताहरुको काठ, दाउरा, भूईघाँस, डालेघाँस, स्याउला, सोत्तर तथा पत्कर जस्ता वन पैदावार सम्बन्धी आधारभूत आवश्यकता सस्तो र सहज रुपमा परिपूर्ती, वनमा आधारित उद्यमहरु सञ्चालन गरेर रोजगारीको अवसर सृजना गरी स्थानीय उपभोक्ताहरुको जीविकोपार्जनमा टेवा पुर्याई सामाजिक तथा आर्थिक विकास गर्न र स्वस्थ, हराभरा र सन्तुलित वातावरणको सृजना गरी यस क्षेत्रका बासिन्दालाई वनबाट प्राप्त हुने वस्तु तथा सेवामा समृद्ध तुल्याउने कुरालाई आत्मसात् गरी पायक पर्ने राष्ट्रिय वनलाई सामुदायिक वनको रुपमा लिई व्यवस्थित गर्दै जाने सरकारी नीति अनुरुप साबिक जिल्ला वन कार्यालयको सहयोगमा श्री भालुबतासे सामुदायिक वनको विधान तयार गरी तत्कालिन जिल्ला वन कार्यालय रामेछापबाट मिति २०५१ सालमा मा स्वीकृत भई यस समूह विधिवत रुपमा दर्ता भए पश्चात त्यसै विधानको अधिनमा रही वनको व्यवस्थापन गर्दै आईरहेको छ। वन पैदावारको दिनानुदिन बढ्दो माग तथा विपन्न वर्गको सामाजिक रुपान्तरणलाई सहज तुल्याउन सामुदायिक वन क्षेत्रमा आएका वर्तमान सवालहरु सुशासन, दिगो वन व्यवस्थापन, कार्बन व्यापार, पर्यापर्यटन प्रवर्द्धन र जीविकोपार्जनलाई सम्बोधन गर्न विद्यमान वन ऐन २०७६, वन नियमावली २०७९, वन नीति २०७५, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१, सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन (परिमार्जित) २०६१ अनुसार दिगो वन व्यवस्थापनमा आधारित श्री भालुबतासे सामुदायिक वनको कार्ययोजना (पाँचौ परिमार्जन २०८१) तयार गरी यस समूहको साधारण भेलाबाट आमसहमतिबाट पारित भई डिभिजन वन कार्यालय, रामेछापबाट स्वीकृति भएको मितिबाट लागू हुने गरी पेश गरेका छौं।

## १.१ सामुदायिक वन उपभोक्ता समूहको नाम र ठेगाना

यस सामुदायिक वनको व्यवस्थापनको लागि गठित सामुदायिक वन उपभोक्ता समूहको नाम श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूह, मन्थली ना.पा._१२ हो। यस समूहको विधान तत्कालिन जिल्ला वन कार्यालय रामेछापमा मिति २०५१ सालमा दर्ता गरिएको हो।यस समूहमा मन्थली ना.पा._१२ का ३०२ घरधुरीहरु समावेश रहेका छन्।

## १.२ परिभाषा

बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस वन कार्ययोजनामा

(क) **वन"** भन्नाले पूर्ण रुपमा वा आंशिक रुपमा रुखहरुले ढाकिएको श्री भालुबतासे सामुदायिक वन क्षेत्रलाई सम्झनु पर्दछ।

(ख) **वन सिमाना"** भन्नाले वन कार्ययोजना बनाउने सिलसिलामा सामुदायिक वन क्षेत्र सर्भे गरी छुट्टयाइएको सिमानालाई बुझाउँछ। यस सम्बन्धमा कुनै विवाद परेमा वन ऐन २०७६ र वन नियमावली २०७९ मा उल्लेखित परिभाषा नै मान्य हुनेछ।

(ग) **विधान"** डिभिजन वन कार्यालय रामेछापमा दर्ता गरिएको श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूहको विधानलाई जनाउँछ।

(घ) **उपभोक्ता समूह"** भन्नाले सामुदायिक वनको व्यवस्थापन तथा सदुपयोग गर्नको लागि डिभिजन वन कार्यालय रामेछापमा दर्ता भई स्वीकृती प्राप्त समूहलाई सम्झनु पर्दछ। यहाँ समूह भन्नाले श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूह बुझ्नु पर्दछ।

(ङ) **समिति वा उपभोक्ता समिति"** भन्नाले समूहको विधान बमोजिम समूहको कार्य सञ्चालन गर्न गठन गरेको कार्यकारिणी समितिलाई जनाउँछ।

(च) **वन कार्ययोजना"** भन्नाले वनको दिगो व्यवस्थापनका लागि वन प्राविधिकको सहयोगमा तयार पारिएको यसै कार्ययोजनालाई जनाउँछ।

(छ) **वन व्यवस्थापन"** भन्नाले वनमा गरिने वन संरक्षण, सम्बर्द्धन, विकास र सदुपयोग सम्बन्धी कार्यलाई जनाउँछ।

(ज) **वन पैदावार"** भन्नाले वनमा रहेको, पाइएको वा वनबाट निकालिने घाँस, दाउरा, पत्कर, काठ, जडीबुटी वन्यजन्तु, गैह्रकाष्ठ उत्पादन आदि सबैलाई सम्झनु पर्दछ।

(झ) **उपभोक्ता"** भन्नाले सामुदायिक वनलाई संरक्षण गर्ने, वनको विकास गर्ने र वनबाट प्राप्त वन पैदावार उपयोग गर्न समूहको विधानमा उल्लेखित घरधुरीका व्यक्तिहरुलाई जनाउँछ।

(ञ) **वन प्राविधिक"** भन्नाले वन विज्ञान बिषयमा अध्ययन, बिशेष तालिम प्राप्त व्यक्तिलाई जनाउँछ। सामान्यतया वन प्राविधिक भन्नाले सबै दर्जाका वन अधिकृत, रेञ्जर, फरेष्टर र वन रक्षक समेतलाई जनाउँछ।

(ट) **समितिको बैठक"** भन्नाले समूहको कार्यकारिणी समितिको नियमित वा आकस्मिक बैठकलाई सम्झनु पर्दछ।

(ठ) **साधारण सभा"** भन्नाले उपभोक्ता समूहको विधानमा उल्लेख भए बमोजिमको गणपुरक संख्यामा उपभोक्ताहरु उपस्थित भई समूहको विभिन्न बिषयमा छलफल गरिने सभालाई सम्झनुपर्दछ।

(ड) **वन ऐन"** भन्नाले वन ऐन २०७६ र यसको पछिल्लो संशोधनहरु समेतलाई बुझ्नुपर्दछ।

(ढ) **वन नियमावली"** भन्नाले वन नियमावली २०७९ र यसका पछिल्ला संशोधनहरु समेतलाई सम्झनुपर्दछ।

(ण) **उप समिति"** भन्नाले समूहको विभिन्न कामहरु अझ व्यवस्थित गर्न समूहले गठन गरेको समूह भित्रकै स-साना समितिलाई जनाउँछ।

(त) **टाँचा"** भन्नाले समूहले सामुदायिक वनको काठ बिक्री वितरण गर्ने प्रयोजनको लागि डिभिजन वन कार्यालयले निर्दिष्ट गरेको आकार र ढाँचामा बनाई डिभिजन वन कार्यालयमा दर्ता भएको फलामे घन बुझाउँछ।

(थ) **राष्ट्रिय वन"** भन्नाले निजी वन बाहेक नेपालभित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनुपर्दछ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउको पर्ति वा ऐलानी तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोला र बगर समेतलाई जनाउँछ।

(द) **सामुदायिक वन"** भन्नाले उपभोक्ता समूहको कार्ययोजना बमोजिम वनको संरक्षण, विकास, सदुपयोग र व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी डिभिजनल वन अधिकृतले उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनको तोकिए बमोजिमको कुनै भागलाई जनाउँछ।

(ध) **जैविक विविधता"** भन्नाले कुनै निश्चित क्षेत्रमा भएको प्राणीहरु र बोटबिरुवाहरुको विविधता र सह-अस्तित्वलाई सम्झनु पर्दछ।

(न) **सङ्कलन निर्देशिका"** भन्नाले सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका २०७१ लाई सम्झनु पर्दछ।

(ऩ) **चट्टा"** भन्नाले २०'* ५'*५' साइजको (३३३.३३ घन फिट) दाउराको थुप्रोलाई जनाउँछ।

(प) **जरा ठुटा"** भन्नाले रुख कटान गरिसकेपछि माथिल्लो जमिन सतहदेखि बढीमा ६ इञ्चसम्म बाँकी रहेको रुखको भाग र जरासँग जोडिएको जमिनभित्रको काठ र सम्पूर्ण जराहरु समेतलाई जनाउँछ।

(फ) **वल्लावल्ली"** भन्नाले छातीको उचाईमा १० से. मि. भन्दा माथि र ३० से.मि. भन्दा मुनि व्यास भएका काठलाई सम्झनु पर्दछ।

(ब) **घाटगद्दी"** भन्नाले काठ दाउरा वा अन्य वन पैदावारलाई बिक्री वितरण वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न समितिले तोकेको ठाउँलाई सम्झनु पर्दछ।

(भ) **स्थानीय तह"** भन्नाले सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ।

(म) **सम्बन्धित निकाय"** भन्नाले वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालय र सा.व.उ.स.लाई सम्झनु पर्दछ।

(य) **दाउरा"** भन्नाले खयर बाहेक वल्लावल्लीको रुपमा वा चिरानको रुपमा जान नसक्ने दुई फिट भन्दा कम लम्बाई र डेढ फिट भन्दा कम गोलाईको काठ सम्झनु पर्दछ।

(र) **वन पैदावार आपूर्ति समिति"** भन्नाले नियम २१ बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समिति सम्झनु पर्दछ।

(ल) "**कोष**" भन्नाले ऐनको दफा ४५ बमोजिम स्थापना भएको वन विकाश कोष सम्झनु पर्दछ।

(व) "**काठ**" भन्नाले दुई फिट वा सो भन्दा बढी लम्बाई र डेढ फिट भन्दा बढी गोलाईको भएको चिरानको रुपमा जान सक्ने गोलिया काठ सम्झनु पर्दछ र सो शब्दले खयर प्रजातिको हकमा जतिसुकै आकार वा नापको काठलाई समेत जनाउँछ ।

(श) "**निर्देशनालय"** भन्नाले प्रदेश सरकार अन्तर्गत रहेको प्रदेश वन निर्देशनालय सम्झनु पर्दछ ।

(ष) **"पर्यापर्यटन**" भन्नाले वातावरण संरक्षण र स्थानीय सामुदायको हितको प्रतिकूल नहुने गरी वनक्षेत्रमा गरिने प्रकृतिमा आधारित पर्यटन गतिबिधि सम्झनु पर्दछ।

(स) "**राजस्व (रोयल्टी)"** भन्नाले वन पैदावार बिक्री र राष्ट्रिय वनक्षेत्र कबुलियती वनको रुपमा उपलब्ध गराए बापत नेपाल सरकारलाई प्राप्त हुने रकम सम्झनु पर्दछ र सो शब्दले वनक्षेत्र र वन पैदावार प्रयोग गरेबापत नेपाल सरकारलाई तिर्नु , बुझाउनु पर्ने शुल्क ,महसुल ,दस्तुर र मुल्यलाई समेत जनाउँछ ।

(ह) " **वार्षिक स्वीकार्य कटान**" भन्नाले वनको वृद्धि मौज्दात र वार्षिक उत्पादन क्षमताको आधारमा निर्धारण गरी कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावरको परिमाण सम्झनु पर्दछ।

(क्ष) " **दिगो वन व्यवस्थापन "** भन्नाले बागमती प्रदेश सरकारको सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ लाई सम्झनु पर्दछ।

## १.३ वनको ऐतिहासिक पृष्ठभूमि

रामेछाप जिल्ला मन्थली ना.पा._१२ मा अवस्थित यस सामुदायिक वन जिल्लाको सदरमुकाम मन्थली देखि करिव १० कि.मि. पश्चिममा पर्दछ।समुदायमा रहेका दैनिक आवश्यकतालाई पद्वतिमा ल्याउन वन ऐन २०४९ र वन नियमावली २०५१ पश्चात देश भरि नै सामुदायिक वनको कानुनी अवधारणा लागु भए पछि यस सामुदायिक वन उपभोक्ता समूह दर्ता गर्ने काम २०५१ साल तिर भयो। यो पाँचौ चरणको कार्ययोजना निर्माण गर्ने कार्य भएको छ। यस सामुदायिक वनको पर्यायजसो भू-भाग उत्तर -पूर्व फर्किएको छ। पूर्वः तामाकोशी, पश्चिममा जल्फे पानी सा . व , उत्तरमा सेतीदेवी र सेरादेवी सा . व र दक्षिणमा आवादी ,यति चारकिल्ला भित्रको १७८.२३ हेक्टर क्षेत्रफल भएको राष्ट्रिय वन सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न २०५१ सालमा मा विधिवत रुपमा तत्कालिन जिल्ला वन कार्यालय रामेछापबाट श्री भालुबतासे सामुदायिक वन उपभोक्ता समूहको विधान स्वीकृत गराई समूह दर्ता गरियो। यस सामुदायिक वनको कार्ययोजना तत्कालीन जिल्ला वन कार्यालय रामेछापबाट मिति २०५१ सालमा मा स्वीकृत गरी यस उपभोक्ता समूहलाई विधिवत रुपमा वन हस्तान्तरण भए पश्चात यस सामुदायिक वनको संरक्षण, समबर्द्धन, विकास र सदुपयोग हुँदै आएको छ।यस सामुदायिक वन उपभोक्ता समूहले वन हस्तान्तरण गरेर लिएको छोटो अवधिमानै वनको हैसियतमा सुधार, रोजगारीको सृजना, जीविकोपार्जनमा सुधार, शैक्षिक क्षेत्रको विकास लगायतका कार्यहरुमा उल्लेख्य योगदान पुर्याउँदै आएको छ। वन पैदावारको दिनानुदिन बढ्दो माग तथा विपन्न वर्गको सामाजिक रुपान्तरणलाई सहज तुल्याउन सामुदायिक वन क्षेत्रमा आएका वर्तमान सवालहरु सुशासन, दिगो

वन व्यवस्थापन, जीविकोपार्जन, कार्वन व्यापार, पर्यापर्यटन प्रवर्द्वन, दिगो वीत्तलाई सम्बोधन गर्न यस सामुदायिक वनले थप भूमिका निर्वाह गर्नु परेको छ। यसको लागि यस सामुदायिक वनको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गरी स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउन वन सम्वर्द्वन प्रणालीमा आधारित वन व्यवस्थापन गर्नुपर्ने आजको आवश्यकतालाई मनन गरी आगामी १० वर्षको लागि वन व्यवस्थापन कार्ययोजना २०८१ तयार पारिएको छ।

## १.४ वन कार्ययोजना तयारी प्रकृया

श्री भालुबतासे सामुदायिक वनको कार्ययोजना निर्माण कार्यमा उपभोक्ताहरुलाई प्रत्यक्ष संलग्न गराई सहभागितामूलक विधि अपनाईएको थियो। कार्ययोजना तयार पार्ने सन्दर्भमा वन उपभोक्ता समिति, महिला, दलितसँग समूहगत छलफल र घरधुरी सर्वेक्षण (१५ प्रतिशत) गरी उपभोक्ताहरुको आवश्यकता, इच्छा, आकांक्षा सङ्कलन, समस्या पहिचान गर्नुका साथै वनको संरक्षण, सम्बर्द्धन, विकास र सदुपयोग सम्बन्धी कार्ययोजनाका विविध बुँदाहरुमा छलफल गरिएको थियो।

### १.४.१ वन सिमाङ्कन तथा नक्सा तयारी

यो वन क्षेत्रको सिमा सर्वेक्षण तथा वन स्रोत सर्वेक्षण कार्यमा उपभोक्ता समितिका पदाधिकारीहरु र चिसापानी सब-डिभिजन वन कार्यालयको वन प्राविधिक सहितको टोलीद्वारा वन क्षेत्रको खण्डहरुको क्षेत्रफलको आधारमा स्याम्पल प्लट निर्धारण गरी प्रत्येक खण्डको नक्सामा स्याम्पल प्लटहरु सिस्टमेटिक रुपमा निर्धारण गरी फिल्डमा जि.पि.एस. को सहयोगमा प्लटको अवस्थिति पत्ता लगाई नमुना प्लटको तथ्याङ्क सङ्कलन गरियो।

### १.४.२ सामुदायिक वनको स्रोत सर्वेक्षण

वन स्रोत सर्वेक्षण कार्य गर्दा ०.५ प्रतिशत स्याम्प्लिङ्ग इन्टेन्सिटी निर्धारण गरी सिष्टमेटिक रेण्डम स्याम्पलिङ्ग विधि वाट २९० मी. * २९० मी. को ग्रिडको मध्यबिन्दुमा गोलाकार नमुना प्लट लिइएको थियो। सामुदायिक वन स्रोत सर्वेक्षणको विस्तृत विवरण परिच्छेद ३ मा उल्लेख गरिएको छ।

### १.४.३ तथ्याङ्क विश्लेषण

सङ्कलित तथ्याङ्कको आधारमा माईक्रोसफ्ट एक्सेलको सहायताले समुदायिक वन स्रोंत सर्वेक्षण मार्गदर्शन (परिमार्जित) २०६१ बमोजिम वनको मौज्दात, स्वीकृत वार्षिक कटान आदि विश्लेषण गरी कार्ययोजनामा समावेश गरिएको छ।

### १.४.४ छलफल तथा अन्तक्रिया

कार्ययोजना तयार पार्ने सन्दर्भमा टोल मिटिङ, समूहगत छलफल गरी उपभोक्ताहरुको आवश्यकता, इच्छा, आकांक्षा सङ्कलन, समस्या पहिचान गर्नुका साथै वनको संरक्षण, सम्बर्द्धन, सदुपयोग, दण्ड जरिवना, वन पैदवारको मूल्य निर्धारण लगायत कार्ययोजनाका विविध बुँदाहरुमा समूहका उपभोक्ताहरुसँग छलफल गरी यो कार्ययोजना तयार गरिएको छ।

## १.५ वन पैदावारको माग तथा आपूर्ति र वैकल्पिक उपायहरु

घरधुरी सर्वेक्षण तथा वनको स्रोत सर्वेक्षण अनुसार वन उपभोक्ता समूहभित्र निम्नानुसारको वन पैदावारको माग र आपूर्तिको अवस्था रहेको छ (तालिका १.१)।

***तालिका १.१: वन पैदावरको वार्षिक रुपमा माग तथा आपूर्तिको अवस्था***

| क्र.सं. | वनपैदावारको विवरण | वार्षिक आवश्यकता | सामुदायिक वन क्षेत्रबाट | निजी क्षेत्रबाट | कैफियत |
|---|---|---|---|---|---|
| १. | काठ | ४२५० क्यू.फि. | ३२२७.०६ क्यू.फि | केहि मात्रामा | पोल, झाडी सफाइ, पत्ल्याउने, तथा अन्य वन सम्बर्द्धनका कार्यबाट उत्पादन हुने काठ र दाउरा यसमा समावेश गरिएको छैन। |
| २. | दाउरा | २१४० भारि | १८०६.६९ भारि | धेरै मात्रामा | |

### १.५.१ मागको आँकलन

वढ्दो विकासक्रम सँगै प्रविधि, सामाग्री, सोत साधनमा पँहुच वढेसँगै यस सामुदायिक वन उपभोक्ता समूहमा काठ प्रयोग प्रतिको व्यवहारमा परिवर्तन देखिएको छ।तसर्थ, प्रति बर्ष सरदर २-३ उपभोक्ताहरुलाई नयाँ घर बनाउन र सरदर २-३ उपभोक्ताहरुलाई घर मर्मत तथा फर्निचर बनाउन बार्षिक रुपमा काठ आवश्यक पर्ने देखिन्छ। प्रति उपभोक्ता परिवारलाई सरदर नयाँ घर बनाउन ५० क्यू. फि. र घर मर्मत तथा फर्निचर बनाउन २० क्यू. फि. आवश्यक पर्ने अनुमान गरिएको छ भने दाउरा प्रति वर्ष ०.२ चट्टा प्रति घर खपत हुने अनुमान गरिएको छ। काठ तथा दाउराको आपुर्तिमा निजी जग्गा तथा ग्यासबाट समेत पूर्ति हुने गरेको छ।

### १.५.२ वन पैदावार सङ्कलन तथा विक्रिवितरण

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना वमोजिम वार्षिक सङ्कलन गर्न सकिने वन पैदावरको सङ्कलन तथा विक्रि वितरण गर्दा *सामुदायिक वनको वन पैदावर सङ्कलन तथा विक्रि वितरण निर्देशिका, २०७१* तथा प्रचलित संघिय वन ऐन २०७६, वन नियमावली २०७९ तथा प्रदेश वन ऐन २०७६ तथा नियमावलीले निर्दिष्ट गरे वमोजिम सव डिभिजन तथा डिभिजन वन कार्यालयसँग समन्वय तथा प्राविधिक सहयोग लिईने छ।

### १.५.२ वन पैदावार आपूर्तिको वैकल्पिक उपायहरु

दाउराको खपत कम गराई वन तथा वातावरणमा सुधार गर्न र जनस्वास्थ्यमा समेत सुधार ल्याउन वैकल्पिक उर्जाको रुपमा गोबर ग्याँस प्लान्ट तथा उन्नत चुलो जडान गर्नको लागि क्रमशः कार्यक्रम तथा आर्थिक सहयोग सञ्चालन गर्दै लगिने छ। उपभोक्ताहरु वन पैदावारको लागि सामुदायिक वनमा नै आश्रित रहेको देखिएको हुँदा जनचेतना जगाई निजी तथा सार्वजनिक जग्गामा बृहत वृक्षारोपण अभियान सञ्चालन गरिने छ। निजी जग्गामा वृक्षारोपण गरी सबैभन्दा राम्रो व्यवस्थापन गर्ने उपभोक्ताहरुलाई प्रोत्साहन गर्न कार्य समितिको बैठकले निर्णय गरी सम्मान गरिने छ। वन पैदावारको मागलाई कम गराउँदै लैजानको लागि निजी तथा कृषि वन प्रणाली, गोवर ग्याँस प्लान्ट, उन्नत चुलो/सुधारिएको चुलो, सोलार जडान जस्ता वैकल्पिक उपायहरु समेत अवलम्बन गरिंदै लगिने छ।

## १.६ सामुदायिक वन उपभोक्ता समूहलाई दिइएका सुझावहरु

१. काठ/दाउरा सङ्कलन गर्ने यो कार्ययोजनाको मूल मर्म नभई जे जसरी पनि तोकिएको तरिकाले वन व्यवस्थापन गर्ने रहेकोले सो कुरालाई प्रमुख केन्द्रबिन्दु बनाई कार्य गर्ने। डिभिजन वन कार्यालय रामेछापबाट कटानको सहमति प्राप्त भएपछि मात्र काठ/दाउरा सङ्कलन गरी घाटगद्दी गर्नुपर्ने।

२. काठ/दाउरा उपभोक्तामा बिक्री वितरण गर्न टुक्राटुक्रा गर्नु अघि उपभोक्ताहरुको घर गोठ निर्माण, मर्मत गर्ने जस्ता प्रयोजनको लागि आवश्यक पर्ने परिमाणको माग सङ्कलन गरी लगत राखी डिभिजन वन कार्यालयलाई जानकारी गराई राजश्व दर भन्दा कम नहुने गरी कार्ययोजनाको परिधिमा रही बिक्री वितरण गर्नुपर्ने र उपभोक्ताबाट बाँकी रहेका काठ/दाउरा (वन पैदावार) छिमेकी सा.व., जिल्ला भित्रका अन्य उपभोक्ताहरु र जिल्ला बाहिर बिक्री वितरण गर्दा सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका २०७१ बमोजिम गर्नुपर्ने।

३. विधानमा उल्लेख भए बमोजिमको साधारण सभाको बैठक नियमित रुपमा बोलाउनु पर्ने तथा प्रत्येक बर्षको बार्षिक कार्यक्रम बनाई आय व्यय सम्बन्धि बार्षिक कार्यक्रम स्वीकृत गराउनुपर्ने। समूहमा काठ/दाउरा बिक्री वितरण गर्दा उपभोक्ताको आवश्यकताबारे आवश्यक विवरण तयार गरी आवश्यकता भए नभएको छानविन गरी भएको नतिजा अनुसार बिक्री वितरणको प्रकृया अपनाई आवश्यक भएको अवस्थामा मात्र दिनुपर्ने।

४. समूहका सदस्यहरुको आर्थिक स्तरीकरण गरी वन पैदावार लगायत सामुदायिक वनबाट प्राप्त हुने सबै खाले वस्तु तथा सेवाको न्यायोचित वितरण हुनुपर्ने। तालिम, गोष्ठी, आय आर्जन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा समानुपातिक समावेशीकरण सिद्धान्तको आधारमा गर्नुपर्ने।

५. समूहमा जैविक विविधताको संरक्षण, जलवायू परिवर्तनबाट सिर्जित नकरात्मक प्रभावहरुको न्यूनीकरण, अनुकुलन र समानुकुलन, कार्वन व्यापार, पर्या-पर्यटन विकास जस्ता नविनतम कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने।

६. वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको पद्धति अनुसार व्यवस्थापन गर्नका लागि यस कार्ययोजनाको अवधिबाटै कार्ययोजनामा उल्लेख भएका सबै क्रियाकलापहरुको अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्ने।

## परिच्छेद २
## सामुदायिक वन तथा खण्डहरुको विवरण

### २.१ वनको विवरण

**(क) वनको नाम** : श्री भालुबतासे सामुदायिक वन

**(ख) ठेगाना** : मन्थली ना.पा._१२

**(ग) वनको चारकिल्ला**

**(घ) श्री भालुबतासे सामुदायिक वनको चार किल्ला**

पूर्व :- तामाकोशी

पश्चिम :- जल्फे पानी सा . व

उत्तर :- सेतीदेवी र सेरादेवी सा . व

दक्षिण :- आवादी

**(ङ) वनको क्षेत्रफल** : यस सामुदायिक वनको क्षेत्रफल जि.पि.एस. बाट नापी गर्दा १७८.२३ हेक्टर कायम हुन आएको छ।

### २.२ वनको नक्सा

यस सामुदायिक वनको अवस्थिति, वनको सिमाङ्कन, खण्ड विभाजन, स्रोत सर्वेक्षण प्लटहरु, गुगलमा आधारित नक्साहरु तयार गरिएको छ। वन सिमाङ्कन सर्वेक्षण गर्दा सम्भव भएसम्म आवादी र वन क्षेत्र छुट्टयाएर सर्वेक्षण गरिएको छ। सामुदायिक वन र अन्य जग्गा सिमाना बीच कुनै विवाद पर्न आएमा नापी कार्यालयको नक्सालाई आधार मानी विवादको टुंगो लगाइनेछ।

### २.३ वन क्षेत्रको वर्तमान अवस्था

#### २.३.१ भौगोलिक अवस्थिति

यो सामुदायिक वन वाग्मती प्रदेशको रामेछाप जिल्लाको सदरमुकाम मन्थलीवाट करिब १० कि.मि. पश्चिममा अवस्थित छ।यस सामुदायिक वन विश्व मानचित्रमा २७॰२५'२३.७४" देखि २७॰२६'४२.९१" उत्तरी अक्षांश र ८६॰६'४९ .७८" देखि ८६॰४६'२.६७" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ।

#### २.३.२ वनको संरक्षण

यस वनको संरक्षण गर्नका लागि वन हेरालु, समिति तथा उपभोक्तालाई परिचालन गरिएको छ।वनको संरक्षणको लागि चरिचरण नियन्त्रण र अग्नि रेखा निर्माणमा विशेष जोड दिईने छ।

#### २.३.३ माटो

यो वन क्षेत्रमा रातो, ग्रेगर दोमट माटो रहेको छ।

#### २.३.४ वनमा रहेका पर्ती, खोला, ताल आदिको विवरण

यस सामुदायिक वनमा कुनै ताल रहेका छैनन्।यस सामुदायिक वनमा आवादी सहित विभिन्न खोल्सा, नालाहरु भएको पाइएको छ।

#### २.३.५ वनको किसिम र पाइने प्रजातिहरु

यस सामुदायिक वनमा वन श्रोत सर्वेक्षण गर्दा ६ प्रजातिका रुख विरुवाहरु भेटिएको थियो।यस सामुदायिक वनमा साल , चिलाउने र सल्ला वाहुल्यता रहेको छ भने अन्य प्रजातिहरुमा उत्तिस , खिर्रो , छन्।सर्वेक्षण प्लटमा नपरेका तर वनमा रहेका अन्य प्रजातीहरुमा गुराँस ,सिरिस आदि रहेका छन्।

#### २.३.६ वनमा पाइने गैह्रकाष्ठ वन पैदावार

यस सामुदायिक वनमा अमला, खोटो लगायतका गैह्रकाष्ठ वन पैदावारहरु रहेका छन्।

### २.३.७ वनमा पाईने वन्यजन्तुहरु

यस वनमा पाइने स्तनधारी वन्यजन्तुहरुमा वन बिरालो, स्याल, बाँदर, खरायो, न्याउरीमुसो, मृग, चितुवा, दुम्सी, गुणाआदि पाईन्छन्। यसैगरी घस्रने वन्यजन्तुहरुमा सर्प, छेपारोका साथै चराचुरुंगीहरुमा कोइली, भंगेरा, काग, तित्रा, कालिज आदि पाईन्छन्।

### २.३.८ वनको अवस्था

यस सामुदायिक वनको वर्तमान अवस्था समग्रमा राम्रो रहेको छ।यस वनमा विरुवा र लाथ्राको उपस्थिति राम्रो देखिन्छ। जसको विस्तृत विवरण वन स्रोत सर्वेक्षण परिच्छेद ३ मा राखिएको छ।

## २.४ वनलाई खण्डमा विभाजन

यस सामुदायिक वनलाई प्राकृतिक सिमाना, प्रजाति समिश्रण, वनको वर्तमान अवस्था र वन व्यवस्थापनको आधारमा वनलाई देहाय बमोजिम ३ वटा खण्डहरुमा विभाजन गरिएको छ जसको विवरण यस प्रकार रहेको छ।

***तालिका २.१: वनमा रहेका खण्डहरुको संक्षिप्त विवरण***

| खण्ड | १ | २ | ३ |
|---|---|---|---|
| खण्डको नाम | - | - | - |
| चारकिल्ला | | | |
| पूर्व | तामाकोशी | तामाकोशी | तामाकोशी |
| पश्चिम | खण्ड २ | जल्फे पानी सा . व | जल्फे पानी सा . व |
| उत्तर | सेतीदेवी र सेरादेवी सा . व | खण्ड १ | खण्ड १ |
| दक्षिण | आवादी | खण्ड ३ र आवादी | आवादी |
| मोहडा | उत्तर-पूर्व | उत्तर-पूर्व | उत्तर-पूर्व |
| भिरालोपन | १५ — ४० ° | १५ — ३० ° | १५ — ४५ ° |
| क्षेत्रफल (हे.) | ५६.९४ | ५१.४९ | ६९.७९ |
| उत्पादनशील क्षेत्रफल (हे.) | ५१.२५ | ४६.३४ | ६२.८१ |
| माटो | रातो, ग्रेगर दोमट | ग्रेगर दोमट | रातो, ग्रेगर दोमट |
| वनको किसिम | सल्लाको प्राकृतिक वन | चिलाउनेको प्राकृतिक वन | चिलाउने र सालको प्राकृतिक वन |
| पाइने प्रजाति | सल्ला ,खिर्रो, चिलाउने ,उत्तिस | चिलाउने, साल,कर्मा, आप,उत्तिस | साल,सल्ला ,उत्तिस |
| उपयोगी प्रजाति | चिलाउने, सल्ला ,उत्तिस | चिलाउने ,साल, कर्मा,उत्तिस | साल,सल्ला ,क्यमुना , उत्तिस |
| जम्मा बिरुवा संख्या | ४६०० /हे. | २५७१/हे | ४६०० /हे |
| जम्मा लाथ्रा संख्या | २२४० /हे. | २११४ /हे | २३२० /हे |
| पुनरुत्पादनको अवस्था | राम्रो | राम्रो | राम्रो |

| | | | |
|---|---|---|---|
| **वनको अवस्था** | राम्रो | राम्रो | राम्रो |
| **जम्मा पोल संख्या** | ३४० /हे | ४४२.८६ /हे | ४००/हे |
| **जम्मा रुख संख्या** | १०८ /हे. | ६० /हे | ८० /हे |
| **जम्मा मौज्दात (काठ र पोलको)** | २०७.९८/हे. | ७६.७३ /हे | १४४.९८ /हे |
| **वन मौज्दात अवस्था** | राम्रो | ठिकै | ठिकै |
| **छत्र घनत्व** | ठिकै | ठिकै | ठिकै |
| **औषत बार्षिक वृद्धिदर** | ३.००% | ३.००% | ३.००% |
| **वन व्यवस्थापनको उद्देश्य** | दिगो रुपमा वन पैदावरको उपलब्ध गराई सामाजिक समृद्धि दिने | दिगो रुपमा वन पैदावरको उपलब्ध गराई सामाजिक समृद्धि दिने | दिगो रुपमा वन पैदावरको उपलब्ध गराई सामाजिक समृद्धि दिने |
| **गर्नुपर्ने प्रमुख वन व्यवस्थापन कार्यहरु** | अग्नी रेखा निर्माण, चोरी निकासी/चरिचरण/वन डढेलो नियन्त्रण, झाडि सफाई | अग्नी रेखा निर्माण, चोरी निकासी/चरिचरण/वन डढेलो नियन्त्रण, झाडि सफाई | अग्नी रेखा निर्माण, चोरी निकासी/चरिचरण/वन डढेलो नियन्त्रण, झाडि सफाई |
| **अन्य विवरण** | वन व्ययवस्थापनमा तोकिएका कार्यहरु | वन व्ययवस्थापनमा तोकिएका कार्यहरु | वन व्ययवस्थापनमा तोकिएका कार्यहरु |

***नोटः*** *खण्डहरुको उत्पादनशील क्षेत्रफल (Effective Area) निकाल्दा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित), २०७१ को ३.१.२(ङ) वमोजिम गरिएको छ।*

# परिच्छेद ३
# वन स्रोत सर्वेक्षण विधि, विश्लेषण तथा नतिजा

## ३.१ वन स्रोत सर्वेक्षण विधि

यस श्री भालुबतासे  सामुदायिक वनको स्रोत सर्वेक्षण सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन (परिमार्जित) २०६१ अनुसार गरिएको थियो। यो वन क्षेत्रको सिमा सर्वेक्षण तथा वन स्रोत सर्वेक्षण कार्यमा उपभोक्ता समितिका पदाधिकारीहरु, स्थानिय उपभोक्ताहरु, वन हेरालुहरु लगायत वन प्राविधिक सहितको टोलीद्वारा खण्ड विभाजन, स्रोत सर्वेक्षण र नक्सा तयार गरियो। उपभोक्ताहरुलाई सक्रिय रुपमा परिचालन गर्नको लागि वन स्रोत सर्वेक्षण गर्नुभन्दा अगावै यसका लागि आवश्यक जानकारी तथा सीपको बारेमा प्राविधिक ज्ञान र सर-सल्लाह समेत प्रदान गरियो। वन स्रोत सर्वेक्षण गर्दा अपनाईएका विधिहरु यस प्रकार रहेका छन्।

### ३.१.१ वनको सिमा सर्वेक्षण

यो वन क्षेत्रको सिमा सर्वेक्षण तथा वन स्रोत सर्वेक्षण कार्यमा उपभोक्ता समितिका पदाधिकारीहरु, प्रतिनिधि उपभोक्ताहरु र चिसापानी  सब-डिभिजन वन कार्यालयका प्राविधिकहरु सम्मिलित टोलिले जि.पि.एस. प्रणालीबाट वनको सिमा सर्वेक्षण सम्पन्न गरियो। वनको अवस्था, खोलानाला जस्ता स्थायी स्वरुपहरु (Permanent features) तथा वनको प्रजाती किसिमको आधारमा वनलाई ३ खण्डमा विभाजन गरी  प्रत्येक खण्डको सिमा सर्वेक्षण सम्पन्न गरियो।

### ३.१.२ नक्सा तयारी तथा खण्ड विभाजन

जि.पि.एस.बाट सङ्कलन गरिएका अवस्थिति विन्दुहरुको आधारमा आर्क जि.आइ.एस. सफ्टवेयर (ArcMap 10.8) प्रयोग गरी वनको सिमा तथा खण्डहरुको नक्सा तयार गरियो। वन तथा वनको वरिपरि रहेका अन्य स्थायी स्वरुपहरुलाई दर्शाउनका लागि गुगल अर्थबाट लिईएको इमेज प्रयोग गरियो। यसरी सम्पूर्ण भौगोलिक अवस्थितिको जानकारी लिईसकेपछि वनको अन्तिम नक्सा तयार गरियो। यस श्री भालुबतासे  सामुदायिक वनको स्रोत सर्वेक्षण नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भु-संरक्षण विभाग, सामुदायिक वन महाशाखाबाट प्रकाशित सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन (परिमार्जित) २०६१ को आधारमा गरिएको छ। यो वनलाई ३ वटा  खण्डमा विभाजन गरिएको छ।

### ३.१.३ स्याम्पलिङ विधि

खण्डको उत्पादनशील क्षेत्रफललाई आधार मानी एक प्लट देखि अर्को प्लट बीचको दुरी तथा स्याम्पल प्लटको संख्या निर्धारण गरी प्रत्येक खण्डलाई आर्क जि. आई. एस. मा ग्रीड लेआउटको सहायताबाट खण्डको नक्सामा स्याम्पल प्लटहरु सिष्टमेटिक रुपमा निर्धारण गरिएको छ।

### ३.१.४ प्लट लेआउट तथा स्रोत सङ्कलन

जि.पि.एस.मा नमुना प्लटहरुको अवस्थिति अपलोड गरि जि.पि.एस. को सहयोगले नमुना प्लट सम्म पुगी जमिनमा रुख, पोल, लाथ्रा र विरुवाहरुको लागि क्रमशः ५००, १००, २५ र १० वर्ग मिटरका सर्कुलर स्याम्पल प्लट स्थापना गरी वन स्रोत सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरियो। यसरी स्रोत सर्वेक्षण गर्दा सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन (परिमार्जित) २०६१ को अनुसूची ३.८ मा उल्लेख भए बमोजिम ३० से.मि. देखि १ मिटरसम्म उचाई भएकालाई विरुवा, १ मिटरभन्दा बढी उचाई भएका र ९.९ से.मि. सम्म व्यास भएका विरुवालाई लाथ्रा, १० से.मी. देखि २९.९ से.मी. सम्म व्यास भएका पोल र ३० से.मी. भन्दा बढी व्यास भएकालाई रुख मानी स्रोत सर्वेक्षण फारम भरियो ।

## ३.२ वन स्रोत विश्लेषण विधि

फिल्डबाट सङ्कलन गरिएको वन स्रोतलाई माइक्रोसफ्ट एक्सेल प्रयोग गरी सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन अनुसारको फारामहरु निर्माण गरी सोहि अनुसार प्रत्येक खण्डमा प्रजाति अनुसार विरुवा तथा लाथ्राको प्रति हेक्टर संख्या, पोलको प्रति हेक्टर संख्या तथा आयतन, पोलबाट प्राप्त हुने काठ परिमाण, प्रजाति तथा खण्ड अनुसार प्रति हेक्टर रुख संख्या, रुखको मौज्दात, रुखबाट प्राप्त हुने काठ तथा दाउरा र जैविक विविधताले महत्वपूर्ण जडिबुटी लगायतका अन्य गैर काष्ठ वन पैदवारको मौज्दात निकाली विश्लेषण गरियो। आयतन निकाल्नको लागि प्रयोग गरिएको सूत्र तल प्रस्तुत गरिएको छ।

$$Ln(V)=a+bLn(D)+cLn(H)$$

यहाँ V= Volume (आयतन), D= Dbh (Diameter at breast Height- छातीको उचाईमा व्यास) र H= Height (रुखको उचाई) रहेको छ।

| १ | साल | क श्रेणी | क्यू.फि. | १००० | समितिको निर्णय अनुसार बढिमा १०० क्यु. फि सम्म उपभोक्तालाई तोकियको मुल्य लिई उपलब्ध गराईनेछ। | समितिको निर्णय अनुसार बढिमा १० क्यु. फि सम्म उपभोक्तालाई तोकिएको मुल्यमा एक तिहाइ मुल्य लिई उपलब्ध गराईनेछ। | निशुल्क | समितिको निर्णय अनुसार,साधारण भेलाबाट अनुमोदन गर्ने गरी |
| | साल | ख श्रेणी | क्यू.फि. | ७०० | | | | |
| २ | खोटे सल्ला | क श्रेणी | क्यू.फि. | २५० | | | | |
| | खोटे सल्ला | ख श्रेणी | क्यू.फि. | १५० | | | | |
| ३ | अन्य | | क्यू.फि. | १५० | | | | |
| ४ | बल्ला ल्ली | | क्यू.फि. | ८० | | | | |
| ५ | दाउरा काँचो | | प्रति क्वीन्टल | २५० | | | | |
| ६ | दाउरा सुकेको | | प्रति क्वीन्टल | २५० | | | | |

**नोटः** *उपरोक्त उल्लेखित मूल्यमा समय परिस्थिति अनुसार उपभोक्ता भेलाबाट थपघट पनि गर्न सकिने छ र सो को जानकारी डिभिजन वन कार्यालयलाई उपलब्ध गराईने छ।*

# परिच्छेद ६
# कोष परिचालन

## ६.१ कोष परिचालन सम्बन्धी व्यवस्था

यस कार्ययोजनामा उल्लेख भएका कार्यक्रमहरु सञ्चालनको लागि समूहको कोषवाट खर्च गरिने छ। वन व्यवस्थापन कार्य भन्नाले वनको संरक्षण, वन सम्बर्द्धन तथा सदुपयोगका कार्यहरु मानिनेछ। वन संरक्षण कार्यहरुलाई कोषको रकम खर्च गर्दा मुख्य प्राथमिकता दिईनेछ। कोषको रकम खर्च गर्दा सकेसम्म सामुदायिक वन विकासमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुर्याउने खालका कार्यहरुमा खर्च गरिने छ। यस सामुदायिक वन उपभोक्ता समूहले निम्न स्रोतबाट प्राप्त हुन आएको रकमबाट कोष खडा गरी परिचालन गर्नेछ। कोषको परिचालन यसै समूहको विधानमा उल्लेख भए बमोजिम हुनेछ।

(क) वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम।
(ख) दण्ड जरिवानाबाट सङ्कलित रकम।
(ग) सरकारी, गैर सरकारी कार्यालय, संघ-संस्थाबाट दिइने चन्दा अनुदान तथा अन्य सहयोग।
(घ) पुरस्कारको रुपमा समूहमा प्राप्त हुन आएको रकम।
(ङ) घरधुरीबाट उठाउने शुल्क रकम।
(च) वन उपभोक्ता प्रवेश शुल्क।
(छ) यी बाहेक अन्य कुनै स्रोतबाट प्राप्त हुन आएको रकम।

## ६.२ लाभांश वितरण योजना

वन समूहले वन व्यवस्थापनको कार्य गर्दा प्राप्त हुने काठ, दाउरा, घाँस, सोत्तर, स्याउला, जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार जस्ता वनजन्य पैदावारहरु (कार्बन) तथा गैह्र कार्बन लाभहरुलाई वन समूहले के कसरी बाँडफाँड गरेको छ भन्ने विषय लाभांश वितरण अन्तरगत पर्दछ। सामुदायिक वन उपभोक्ता समूहले वनको कार्य योजना बमोजिम दिगो वन व्यवस्थापनबाट आर्जन गरेको आयलाई वन ऐन २०७६, ३०(क), सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१ (३.९), सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका २०७३ (६.१) अनुसार यो लाभांश वितरण योजना तयार गरिएको छ। यसका साथै वन समिति, घरधुरी सर्वेक्षण तथा समूहगत छलफलबाट प्राप्त जानकारीको आधारमा गैह्र कार्बन लाभलाई योजनामा थप विस्तार गरिएको छ। यस सामुदायिक वन उपभोक्ता समूहको लाभांश वितरणको अवस्थामा सुधार ल्याउन निम्न अनुसारको उद्देश्य तय गरिएको छ।महिला, दलित, जनजाति, विपन्न, पछाडि परेका वर्ग लगायत समग्र वन उपभोक्ताहरुलाई वन व्यवस्थापन कार्यबाट प्राप्त हुने लाभको उचित हिस्सेदार बनाउने।

उल्लेखित उद्देश्य प्राप्त गर्नको लागि यस सामुदायिक वन उपभोक्ता समूहको मौद्रिक तथा गैरमौद्रिक लाभांश वितरण योजना क्रमशः तालिका ६.१ र ६.२ मा प्रस्तुत गरिएको छ। उक्त तालिकामा लाभांश वितरणको लागि सञ्चालन गरिने क्रियाकलापहरु, परिणाम दर्शाउने आयको वितरण तथा जिम्मेवारीहरु समेटिएको छ।

***तालिका ६.१: मौद्रिक आयको बाँडफाड***

| क्र.सं. | क्रियाकलाप | आयको वितरण | जिम्मेवारी |
|---|---|---|---|
| १. | वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च | वन समूहको जम्मा आयको कम्तिमा २५ प्रतिशत | वन समिति |
| २. | विपन्न वर्गका महिला, दलित, आदिबासी, जनजातिका लागि लक्षित कार्यक्रम खर्च | १ खर्च भई बाँकि रहेको जम्मा आयको कम्तिमा ५० प्रतिशत | वन समिति |
| ३. | सामुदायिक विकास, संस्थागत विकास, प्रशासनिक र अन्य कार्यको खर्च | १ र २ मा खर्च गरर सकेपछि बाँकी रहेको आय | वन समिति |

*तालिका ६.२: गैरमौद्रिक लाभको बाँडफाड*

| क्र.सं. | क्रियाकलाप | लाभको वितरण | जिम्मेवारी |
|---|---|---|---|
| १. | वन उपभोक्ता समिति तथा मातहतका उप समितिहरुमा समावेशीकरण | अध्यक्ष र सचिव मध्ये एक जना महिला हुनेछ, उप/समितिको जम्मा संख्याको ५० प्रतिशत महिला हुनेछ, समानुपातिक समावेशीको सिद्धान्त अनुसार उप/समितिमा विपन्न, दलित, जनजाति, को सदस्यता रहने छ। | वन समूह तथा सब डिभिजन वन कार्यालय |
| २. | वन समूहको प्रतिनिधित्व गरी अन्य संघसंस्था तथा कार्यालयमा प्रतिनिधि पठाउँदा | महिला पुरुषको अनुपात बराबर हुने तथा विपन्न वर्गका महिला, दलित, जनजातिलाई प्रतिनिधिको रुपमा पठाउन समानुपातिक समावेशीको सिद्धान्त अवलम्बन गरिने छ। | वन समिति |
| ३. | दिगो वन व्यवस्थापन कार्यबाट श्रृजना हुने रोजगारीको अवसरमा | विपन्न वर्ग, महिला, दलित, जनजातिलाई प्राथमिकता दिइनेछ। | वन समिति |
| ४. | वन समूहले सिपमूलक तालिम सञ्चालन गर्दा | महिला पुरुषको अनुपात बराबर हुने तथा विपन्न वर्गका महिला, दलित, जनजाति समेतको समानुपातिक समावेशीकरण सुनिश्चित गरिने छ। | वन समिति |
| ५. | काठ, दाउरा, घाँस तथा सोत्तर वितरण गर्दा | विपन्न वर्गकालाई निःशुल्क तथा न्यूनतम मूल्यमा उपलब्ध गराईने छ। | वन समिति |
| ६. | अन्य लाभहरु | वन समितिले न्यायोचित बाँडफाँडको लागि गर्ने निर्णय अनुसार हुनेछ। | वन समिति |

# परिच्छेद ७
# वन उद्यम विकास तथा आय आर्जन कार्यक्रम

## ७.१ वन उद्यम विकास तथा प्रवर्धन कार्यक्रम

सामुदायिक वनबाट काठ, दाउरा, घाँस, सोत्तर जस्ता उपभोक्ताका दैनिक आधारभूत आवश्यकता पूरा गर्नुका साथै वनमा आधारित उद्यम सञ्चालन गरेर समूहमा रोजगारी तथा आर्थिक उपार्जनका अवसर सिर्जना गरी जीविकोपार्जनमा सुधार ल्याइने छ। वन उद्यम स्थापना गर्दा व्यावसायिक योजना तयार पारिनेछ। वन पैदावारमा आधारित उद्यम स्थापना गर्दा विपन्न वर्ग, महिला, आदिबासी, जनजाति तथा दलित समुदायलाई विशेष प्राथमिकता दिइनेछ। उद्यम सञ्चालन गर्दा छिमेकी सामुदायिक वन उपभोक्ता समूह र निजी क्षेत्रको साझेदारीमा समेत सञ्चालन गर्न सकिनेछ।

## ७.२ सीप तथा आयमुलक कार्यक्रम

यस सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको जीविकोपार्जनमा सुधार ल्याउन विभिन्न आयमूलक कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ। यी कार्यक्रमहरु सञ्चालन गर्नका लागि समूह पहिचान गरी साधारण सभामा पेश गरी अनुमोदन समेत गरिने छ। यी कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक तालिमको समेत व्यवस्था गरिने छ। यस सामुदायिक वन उपभोक्ता समूहद्वारा तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छ।

क) जडिबुटी खेती
ख) मौरीपालन
ग) कुखुरा पालन
घ) गाई/भैंसी पालन
ङ) बाख्रा पालन
च) च्याउ खेती
छ) शिपमुलक तालिम
ज) फलफुल, तरकारी खेती
झ) फर्निचर उद्योग स्थापना तथा सञ्चालन
ञ) बाँस तथा उन्नत जातको घाँस खेती

## ७.३ विपन्न वर्गका लागि विशेष योजना

यस कार्ययोजना अवधिमा वन व्यवस्थापनका कार्यमा रोजगारी सृजना, सहुलियत दरमा काठ दाउरा वितरण र विभिन्न आयमूलक कार्यक्रमहरुको सञ्चालनबाट गरिबी न्यूनीकरणमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरिएको छ। समूहले उपभोक्ता घरधुरीलाई धनी, मध्यम र विपन्न गरी तीन वर्गमा विभाजन गरेको छ। विपन्न वर्गलाई वन व्यवस्थापन गर्ने कार्यमा शसक्त रुपमा परिचालन गरी वनको प्रभावकारी व्यवस्थापन गर्नको लागि वन समितिसँग छलफल, घरधुरी सर्वेक्षण तथा समूहगत छलफलहरु गरिएको थियो। उक्त छलफल कार्यक्रमहरुबाट प्राप्त तथ्यांकको आधारमा यो गरिबी न्यूनीकरण योजना तयार गरिएको छ। यस योजनाको उद्देश्य यस प्रकार रहको छ।

वन उपभोक्ता समूहका विपन्न तथा गरिब वर्गका सदस्यहरुको आर्थिक सबलीकरण मार्फत वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने।

उल्लेखित उद्धेश्य प्राप्त गर्नको लागि तालिका ७.१ मा प्रस्तुत गरिएको योजनामा गरिबी न्यूनीकरणको लागि सञ्चालन गरिने क्रियाकलाप, कार्यक्रमको लक्ष्य/सूचक, क्रियाकलाप सञ्चालन गर्ने तरिका तथा जिम्मेवारीलाई समावेश गरिएको छ।

***तालिका ७.१: गरिबी न्यूनीकरण योजना***

| क्र.सं. | क्रियाकलाप | लक्ष्य/सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | अतिविपन्न तथा गरिब परिवारको लागि जीविकोपार्जनमा सघाउ पुर्याउने सीपमूलक तालिम (सिलाइ कटाइ, हाउस वाइरिंग, सिकर्मी, डकर्मी, इलेक्ट्रोनिक, सवारी चालक आदी) सञ्चालन तथा सामाग्री सहयोग गर्ने। | योजना अवधिमा प्रति २ वर्षमा १ वटा सिपमुलक तालिम सञ्चालन गरिने छ। | सम्बन्धित विज्ञको सहयोगमा तालिम आयोजना गरेर | वन समिति |

| क्र.सं. | क्रियाकलाप | लक्ष्य/सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| २. | पशुपालन (गाई/भैसी, बाख्रा, कुखुरा आदी) मा सहयोग प्राप्त गर्ने घरधुरीलाई उक्त पशुपालन सम्बन्धी तालिम दिइ सहयोग गर्ने। | २० विपन्न घरधुरीले (योजना अवधीमा २ वटा तालिम सञ्चालन गरिने छ) | कृषि विज्ञको सहयोगमा तालिम आयोजना गरेर | वन समिति |
| ३. | च्याउ खेति तथा बेमौसमी तरकारी खेति सम्बन्धी तालिम सञ्चालन तथा सहयोग (सिचाइ तथा बीउ) गर्ने। | २० विपन्न घरधुरीले (योजना अवधीमा २ वटा तालिम सञ्चालन गरिने छ) | विज्ञको सहयोगमा तालिम आयोजना गरेर | वन समिति |
| ४. | घरेलु, लघु उद्यम सञ्चालनमा आर्थिक सहयोग गर्ने। | १० विपन्न घरधुरीले (योजना अवधीमा २ वटा तालिम सञ्चालन गरिने छ) | विज्ञमार्फत तालिम तथा सामाग्री सहयोग गरेर | वन समिति |
| ५. | अतिविपन्न परिवारका विधार्थीहरुलाई शैक्षिक सहयोग (पोशाक, झोला, शुल्क, कपी, कलम, किताब, खाजा खर्च आदी) गर्ने। | २ जना विपन्न परिवारबाट (१ छात्र र १ छात्रा) | वन समितिको निर्णयले विधार्थी छनोट गरेर | वन समिति |
| ६. | वन कार्ययोजना तथा विधानको महत्व, विषयवस्तु तथा विपन्नमूखी योजनाको बारेमा जानकारी गराउने। | सबै विपन्न परिवारलाई | सब-डि.ब.का.को उपस्थितिमा कार्यक्रम संचालन गरेर | वन समिति तथा वन कार्यालय |
| ७. | वन समूहले अतिविपन्न तथा गरिब परिवारको लागि वन पैदावार निशुल्क वा न्यूतम मुल्यमा उपलब्ध गराउने। | समितिको निर्णयले काठ वर्षको एक पटक (१० क्यू फि) | समितिले निर्णय गरेर | वन समिति |
| ८. | वन समूहले अति विपन्न तथा गरिबको लागि घुम्ती कोष स्थापना तथा संचालन गर्ने। | नगद रु. ५० हजार को घुम्तिकोष स्थापना (वार्षिक) | कोषको रकम तथा स्थापना सम्बन्धी निर्णय गरेर | वन समिति |
| ९. | सामुदायिक वनबाट सृजना हुने रोजगारीमा विपन्न परिवारलाई प्राथमिकता दिने। | रोजगारीको कम्तिमा ५० प्रतिशत विपन्नलाई | सामुदायिक वनबाट सृजना हुने रोजगारीमा विपन्नलाई प्राथमिकतामा राखेर | वन समिति |
| १०. | अतिविपन्न तथा गरीब परिवारहरुलाई बैकल्पिक उर्जा (गोबर ग्यास, सुधारिएको चुलो, सोलार, ग्यास चुलो आदी) मा सहयोग गर्ने। | आवश्यकता तथा अनुदान वमोजिम वितरण गरिने | वन समितिले कुन घरधुरीलाई के सहयोग गर्ने भनी निर्णय गरेर | वन समिति |
| ११. | प्राण घातक रोग लागेका विपन्न परिवारलाई औषधी उपचारमा सहयोग गर्ने। | आवश्यकता अनुसार | वन समितिको निर्णयले रकम तोकेर | वन समिति |

# परिच्छेद ८
# लैङ्गिक समानता र समावेशिकरण

## ८.१ वन सुशासन सुधार योजना

वन समूहको निर्णय प्रकृया कस्तो छ, गरिएका निर्णयको कार्यान्वयन कसरी भएको छ, वन समिति तथा उपभोक्ताहरुले वन व्यवस्थापन गर्ने जिम्मेवारीको पालना के कसरी गरेका छन र प्राप्त लाभको बाँडफाँड के कसरी भएको छ भन्ने विषयहरु वन सुशासन अन्तरगत पर्दछन्। यस सामुदायिक वन उपभोक्ता समूहले सुशासनको अवस्थामा सुधार ल्याउन निम्न अनुसारका उदेश्यहरु लिएको छ।

क) वन समूहको निर्णय प्रकृयाको साथै निर्णय कार्यान्वियनको अवस्थामा सुधार गरी वन व्यवस्थापन कार्यमा समूहको प्रभावकारीता बढाउने।

ख) महिला, दलित, जनजाति, विपन्न, पछाडी परेका वर्ग लगायत समग्र वन उपभोक्तालाई वन व्यवस्थापन कार्यमा जिम्मेवार तथा आर्जित लाभमा हिस्सेदार बनाउने।

उल्लेखित उद्धेश्यहरु प्राप्त गर्नको लागि यस सामुदायिक वन उपभोक्ता समूहको वन सुशासन सुधार योजना तलको तालिका ८.१ मा प्रस्तुत गरिएको छ। यस योजनामा सुशासन सुधारको लागि सञ्चालन गरिने क्रियाकलापहरु, परिणाम दर्शाउने सूचकहरु, क्रियाकलापहरु कार्यान्वयन गर्ने तरिका तथा जिम्मेवारी समेटिएको छ।

*तालिका ८.१ः वन सुशासन सुधार योजना*

| क्र.सं. | क्रियाकलाप | सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | म्याद सकिनु पूर्व विधान तथा वन कार्ययोजना परिमार्जन गर्ने | विधान तथा वन कार्ययोजना अवधि हुँदै परिमार्जन भएको हुनेछ | सब डिभिजन वन कार्यालयसँग समन्वय गरेर | वन समिति |
| २ | सा.व.उ.स.को कार्यालय स्थापना तथा सञ्चालन गर्ने | सा.व.उ.स.को कार्यालय स्थापना भई दैनिक रुपमा कार्य सञ्चालन भएको हुनेछ | वन उपभोक्ताहरुको सहभागिता जुटाएर | वन समिति तथा समूह |
| ३ | वार्षिक योजना तयार गरी सोही अनुरुप कार्यान्वियन गर्ने | समूहले हरेक वर्ष वार्षिक योजना तयार गरी कार्य गरेको हुनेछ | वन कार्यालयसँग समन्वय गरेर | वन समिति |
| ४ | सावउसको वार्षिक प्रगति प्रतिवेदन डिवकामा पेश गर्ने। | डिवकाले वर्षिक प्रगति प्रतिवेदन बुझेको पत्र समूहमा हुनेछ। | वार्षिक प्रगति प्रतिवेदन तयार गरेर | वन समिति |
| ५ | विधान तथा कार्ययोजनामा उल्लेख भएको प्रकृया अनुसार छलफल तथा निर्णय गर्ने | निर्णय प्रकृयाको बारेमा उपभोक्ता घरधुरीलाई जानकारी हुनेछ। | निर्णयहरु साधारण भेलाबाट अनुमोदन गराएर | वन समिति |
| ६ | समितिको निर्णयहरुमा उपभोक्ताको प्रभाव बढाउने | सम्पूर्ण निर्णयहरु उपभोक्तालाई जानकारी हुनेछ। | निर्णयहरु साधारण भेलाबाट अनुमोदन गराएर | वन समिति |
| ७ | आम्दानी खर्चको सार्वजानिक सुनुवाइ गर्ने | आम्दानी तथा खर्चको बारेमा उपभोक्तालाई जानकारी हुनेछ। | वन प्राविधिकको उपस्थितिमा सार्वजानिक सुनुवाइ गरेर | वन समिति, सब डिभिजन वन कार्यालय |

| क्र.सं. | क्रियाकलाप | सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| ८ | विधानमा समिति पदाधिकारी तथा उपभोक्ताको काम कर्तब्य र अधिकार तोक्ने | समिति पदाधिकारीलाई आपनो काम कर्तब्य र अधिकार स्पष्ट भइ सोही बमोजिम कार्य गरेको हुनेछ। | विधान, कार्ययोजनाको विषयवस्तुको बारेमा जानकारीमूलक कार्यक्रम गरेर | वन समिति, सब डिभिजन वन कार्यालय |
| ९ | वार्षिक रुपमा कम्तिमा एक पटक साधारण सभा आयोजना गर्ने | समूहले हरेक वर्ष साधारण सभा आयोजना गरेको हुनेछ। | विधान अनुसार उपभोक्ता घरधुरीको उपस्थितिमा साधारण सभा गरेर | वन समिति |
| १० | वन समूहले सार्वजानिक लेखा परीक्षण गर्ने | समूहले हरेक वर्ष सार्वजानिक लेखा परिक्षण गरेको हुनेछ। | सार्वजनिक लेखा परिक्षण गरेर | वन समिति |
| ११ | निर्णय प्रकृया तथा कार्यान्वयन उपर समितिको जिम्मेवारीता बढाउने | समितिले अपनत्वको साथ साधारण भेला तथा बैठकमा उठेका सवालको उत्तर दिनेछ। | साधारण भेला, बैठक, छलफल तथा गोष्ठि आयोजना गरेर | वन समिति तथा उपभोक्ता |
| १२ | सा.व.को निर्णय तथा क्रियाकलाप सञ्चालन गर्दा महिला, दलित, जनजाति, , विपन्न तथा अन्य सरोकारवालाको प्रभाव बढाउने। | निर्णय गर्दा तथा क्रियाकलाप सञ्चालन गर्दा महिला, दलित, जनजाति, , विपन्न तथा सम्बन्धीत सरोकारवालाको आवाज समावेश भएको हुनेछ। | निर्णय गर्दा तथा क्रियाकलाप सञ्चालन गर्दा महिला, दलित, जनजाति, , विपन्नको राय सल्लाह लिएर | वन समिति |
| १३ | वन व्यवस्थापनबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँड गर्ने | लाभको बाँडफाँड गर्दा लाभांश वितरण योजना अनुसार भएको हुनेछ। | लाभांश वितरण योजना कार्यान्वयन गरेर | वन समिति |
| १४ | महिला, दलित, जनजाति, , विपन्न तथा अन्य सरोकारवालाको विचारको सम्मान तथा पक्षपात रहित कार्य गर्ने। | निर्णय गर्दा तथा क्रियाकलाप सञ्चालन गर्दा लैगिंक, आदिवासी समूह तथा आर्थिक स्तर जस्ता तत्वको प्रभाव रहित हुनेछ। | समानता, समता तथा सकारात्मक विभेदको सिद्धान्त अवलम्बन गरेर | वन समिति |
| १५ | वन समूहमा महिला, दलित, जनजाति, , विपन्न तथा अन्य सरोकारवालाको आपसी सम्बन्ध तथा समन्वय विस्तार गर्ने। | वन समूहमा महिला, दलित, जनजाति, , विपन्न तथा अन्य सरोकारवालाहरुबीच आपसी सम्बन्ध तथा समन्वय भएको हुनेछ। | महिला, दलित, जनजाति, , विपन्न तगायत सरोकारवालाबीच आपसी सम्बन्ध, समन्वय विस्तार गरेर। | वन समूह, समिति तथा उपभोक्ता |
| १६ | वन समूहले डिभिजन, सब डिभिजन वन कार्यालयहरु, स्थानीय तह, विभिन्न | वन समूहमा महिला, दलित, जनजाति, , विपन्न तथा अन्य | वन कार्यालयहरु, स्थानीय तह, | वन समूह, समिति, सब |

| क्र.सं. | क्रियाकलाप | सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| | संघसंस्था तथा अन्य सरोकारवालाहरुसँग आपसी सम्बन्ध, समन्वय तथा सहकार्य विस्तार गर्ने। | सरोकारवालाहरुबीच आपसी सम्बन्ध, समन्वय तथा सहकार्य भएको हुनेछ। | विभिन्न संघसंस्था तथा अन्य सरोकारवालासँग समान उदेश्यमा समन्वय तथा सहकार्य विस्तार गरेर। | डिभिजन वन कार्यालय |
| १७ | समूह, समिति तथा उपभोक्ताको प्रयोगात्मक ज्ञान, सीप, अनुभव, नेतृत्व विकास, स्रोत व्यवस्थापन, कार्यपद्धतिमा सुदृढ गर्ने। | यस योजना अवधिमा १०० जना वन व्यवस्थापन, ५० जना लेखा व्यवस्थापन मार्फत कार्य सम्पदान गर्न सक्ने जनशक्ति तयार भएको हुनेछ। | वन समूहले सम्बन्धीत सरोकारवालाहरुसँग समन्वय गरी सम्बन्धीत विज्ञहरुको सहायताले तालिम तथा कार्यक्रमहरु सञ्चालन गरेर। वार्षिक एउटा वन व्यवस्थापन तालिम सञ्चालन गरिने छ। | वन समिति |
| १८ | वन समूहले परिवर्तित परिस्थिति अनुसार नयाँ ज्ञान सीपको प्रयोग मार्फत आन्तरिक प्रकृयालाई परिवर्तन गर्ने। | वन समूहले परिस्थिति अनुसार कार्यैशैलीमा नयाँ तथा प्राविधिक ज्ञान सीपको प्रयोग गरेको हुनेछ। | समूहलाई आवश्यक पर्ने नयाँ ज्ञान सीप सिकेर तथा अनुसन्धान गरेर | वन समिति, सब डिभिजन वन कार्यालय |

## ८.२ लैङ्गिक समावेशिकरण योजना

वन समूहमा पुरुष र महिलाको जनसंख्या बराबर देखिन्छ भने अधिकांश पुरुषहरु घर बाहिर (विदेश वा जिल्ला बाहिर) कामको खोजीमा जानु परेको बाध्यात्मक अवस्था छ। बाह्रै महिना गाउँमा बस्ने महिला जनशक्ति वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा जुटिरहेको छ। यसरी वन व्यवस्थापन कार्यको अग्रपंक्तिमा रहको महिला वर्गको पहुँच र नियन्त्रण वन समूहको नीति निमार्ण तथा कार्यान्वयन तहमा हुँदा वन व्यवस्थापन कार्यमा थप प्रभावकारीता आउने देखिन्छ। त्यसैले यस सामुदायिक वन उपभोक्ता समूहले महिला वर्गलाई वन समूहको हरेक अवयवमा समाहित गराउन निम्न अनुसारका दुईवटा विशिष्ट उद्देश्यहरु लिएको छ।

- महिला वर्गको सामाजिक तथा आर्थिक सबलीकरणमा योगदान पुर्याउने र
- लैङ्गिक विभेदलाई निरुत्साहित गर्दै वन समूहको निर्णय प्रकृया तथा कार्यान्वयनको तहहरुमा महिला वर्गको समायतिकरण गर्ने।

लैङ्गिक दृष्टिकोणबाट उपभोक्ता समूहको विश्लेषण गर्दा प्राप्त भएका जानकारीको आधारमा यो लैङ्गिक समावेशीकरण (Gender Inclusion) योजना तयार गरिएको छ। उल्लेखित उदेश्यहरु प्राप्त गर्नको लागि तालिका ८.२ मा प्रस्तुत गरिएको योजनामा समायतिकरणको लागि गरिने क्रियाकलाप, लक्ष्य/सूचक, क्रियाकलाप कार्यान्वयन गर्ने तरिका तथा जिम्मेवारी समेटिएको छ।

*तालिका ८.२: लैङ्गिक समायतिकरण योजना*

| क.सं. | क्रियाकलाप | लक्ष्य/सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | वन समितिको बैठक तथा आम भेलामा महिला सदस्यहरुले राखेको प्रस्तावलाई माइनुट गर्ने। | हरेक बैठक तथा आमभेलामा | प्रस्तावलाई माइनुटिङ गरेर | वन समिति |
| २. | वन समितिको बैठक तथा आम भेलामा महिला सदस्यहरुले राखेको प्रस्ताव उपर छलफल गरी निर्णयलाई माइनुट गर्ने। | हरेक बैठक तथा आमभेलामा | निर्णयलाई माइनुटिङ गरेर | वन समिति |
| ३. | वन समूहले गठन गर्ने वन समिति तथा उप समितिहरुमा महिला सदस्य सुनिश्चित गर्ने। | वन समिति तथा हरेक उप समितिहरुमा कम्तिमा ५० प्रतिशत | कम्तिमा ५० प्रतिशत महिला सदस्य छनोट गरेर | वन समिति |
| ४. | उपभोक्ता क्षेत्रमा गठन भएका/हुने समूह तथा समिति (वित्तिय, सामाजिक, साँस्कृतिक) हरुमा महिला सदस्य सुनिश्चित गर्ने। | हरेक समितिहरुमा कम्तिमा ५० प्रतिशत | कम्तिमा ५० प्रतिशत महिला सदस्य छनोट गरेर | वन समिति तथा उपभोक्ता |
| ५. | वन समिति तथा उप समितिका महिला सदस्यहरुलाई कार्यालय व्यवस्थापन, लेखा व्यवस्थापन, नेतृत्व विकास लगायत तालिम प्रदान गर्ने। | वन समिति तथा उप समितिका सबै महिला सदस्यहरुले कार्यालय व्यवस्थापन, लेखा व्यवस्थापन, नेतृत्व विकास लगायत तालिम हासिल गरेको | वन समितिले सरोकारवालासँग समन्वय गरी विज्ञको सहयातामा उक्त तालिम संचालन गरेर | वन समिति |
| ६. | वन उपभोक्ता क्षेत्रका समूह, समिति तथा संघ संस्थाहरुबाट उपभोक्ता क्षेत्रका वा बाहिरका संघ संस्था वा कार्यालयसँग वैठक, समन्वय वा प्रतिनिधि पठाउदा महिला प्रतिनिधी पठाउने | दुई जना प्रतिनिधी पठाउदा एक जना महिला, एक जना पठाउदा महिला र पुरुष पालैपालो पठाउने | समितिले प्रतिनिधिको नाम निर्णय गरेर | वन समिति |
| ७. | वन कार्ययोजना तथा विधानको महत्व, विषयवस्तु तथा महिला सम्बन्धी योजनाको बारेमा वन समिति तथा उपसमितिहरुका महिला सदस्यहरुलाई जानकारी गराउने। | वन समिति तथा उपसमितिहरुका सबै महिला सदस्यलाई जानकारी गराउने | वन प्राविधिकको उपस्थितिमा छलफल कायक्रम आयोजना गरेर | वन समिति |
| ८. | वन समिति तथा उप समितिका सदस्यहरुलाई वन तथा वातावरण सम्बन्धी नीति नियम बारेमा जानकारी गर्ने। | वन समिति तथा उप समितिका सबै सदस्यहरु वन तथा वातावरण सम्बन्धी नीति नियम बारेमा जानकार हुनेछन्। | वन प्राविधिकको उपस्थितिमा कायक्रम आयोजना गरेर | वन समिति |
| ९. | लैगिंक समायतिकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने | ५ पटक ( २ वर्षमा १ वटा तालिम सञ्चालन गरिने छ।) | लैगिंक विज्ञको सहयोगमा कायक्रम संचालन गरेर | वन समिति |

| क.सं. | क्रियाकलाप | लक्ष्य/सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| १०. | कार्य क्षेत्रमा महिला मैत्री वातावरण सुनिश्चित गर्ने। | कार्य क्षेत्रमा लैगिंक मैत्री शब्द प्रयोग हुनेछ। | वन समिति, उप समितिका सबै सदस्य तथा सामाजिक अगुवाको सहभागीतामा सचेतना कायक्रम संचालन गरेर | वन समिति, उपभोक्ता तथा सामाजिक अगुवा |
| ११. | सामुदायिक भवन तथा सार्वजानिक स्थलमा महिला तथा पुरुषको लागि छुट्टाछुट्टै शौचालय निर्माण गर्ने। | सामुदायिक भवन तथा सार्वजानिक स्थलमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय निर्माण हुनेछ। | सरोकारवालासँग समन्वय गरी महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय निर्माण गरेर | वन समिति तथा स्थानीय तह |
| १२. | एकल महिला, फरक क्षमता भएका महिला, सामाजिक रुपमा पिछडिएको वर्ग, महिला घरमुली भएको परिवारको महिला सदस्य, अतिविपन्न परिवारका महिलाको लागि जीविकोपार्जनमा सघाउ पुरयाउने सीप मूलक तालिम, मह उत्पादन, च्याउ खेती, साना पसल स्थापना आदिमा आर्थिक सहयोग गर्ने। | योजना अवधिमा कम्तिमा २० जना उक्त महिलाहरुले सिकेको वा प्राप्त तालिम तथा सहयोगबाट जीविकोपार्जन गरिरहेका हुनेछन्। | विषय विज्ञको सहयोग लिई उक्त तालिम तथा प्रविधि सिकाएर | वन समिति |
| १३. | जेहेन्दार बिद्यार्थीलाई छात्रवृति प्रदान गर्ने। | योजना अवधिमा कम्तिमा १० जना बिद्यार्थीलाई। | सरकारी विधालयमा अध्ययन गर्ने उपभोक्ता क्षेत्रका जेहेन्दार बिद्यार्थी छनोट गरेर | वन समिति |

## ८.३ सामाजिक समावेशिकरण योजना

नेपाल सामाजिक तथा जातिय विविधतामा धनी देश हो। त्यसैगरी यस वन उपभोक्ता समूहमा पनि सामाजिक, जातिय तथा आर्थिक समूहहरु रहेका छन्। सामाजिक तथा जातिय रुपमा दलित, जनजाती, ब्राह्म क्षेत्रीको बसोबास छ भने आर्थिक रुपमा सापेक्षित धनी देखि अति विपन्न वर्ग यस समूहमा रहेका छन्। खास गरी सामाजिक, जातिय र पछाडी परेको वर्गलाई वन व्यवस्थापनको मूलधारमा प्रवाहीकरण गर्ने कार्य के कसरी भएको छ र समावेशिकरणलाई थप सबलीकरण कसरी गर्न सकिन्छ भन्ने विषय सामाजिक सामावेशिकरण अन्तरगत पर्दछ। यस सामुदायिक वन उपभोक्ता समूहले विविध सामाजिक वर्गलाई वन समूहको हरेक अवयव तथा निर्णय गर्ने तहमा समावेश गराउन निम्न अनुसारका उद्देश्य लिइएको छ।

- सामाजिक तथा पिछडीएका वर्गको सबलीकरणमा योगदान पुर्याउने,
- सामाजिक समानता कायम राख्दै वन समूहको हरेक अवयवमा सामाजिक समावेशिकरण मार्फत वन व्यवस्थापन कार्यमा प्रभावकारीता ल्याउने।

वन समितिसँग छलफल, घरधुरी सर्वेक्षण तथा समूहगत छलफलबाट प्राप्त तथ्यांकको आधारमा यो समाजिक समावेशिकरण योजना तयार गरिएको छ। उल्लेखित उदेश्य प्राप्त गर्नको लागि तालिका ८.३ मा प्रस्तुत गरिएको

योजनामा सामाजिक समावेशिकरणको लागि गरिने क्रियाकलाप, लक्ष्य/सूचक, क्रियाकलाप कार्यान्वयन गर्ने तरिका तथा जिम्मेवारी समेटिएको छ।

*तालिका ८.३ सामाजिक समावेशिकरण योजना*

| क.सं. | क्रियाकलाप | लक्ष्य/सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | वन समितिको बैठक तथा आम भेलामा उठेका सामाजिक समावेशीकरण सम्बन्धी प्रस्तावलाई माइनुट गर्ने। | हरेक बैठक तथा आमभेलामा | प्रस्तावलाई माइनुटिङ गरेर | वन समिति |
| २. | वन समितिको बैठक तथा आम भेलामा उठेका सामाजिक समावेशीकरण सम्बन्धी प्रस्ताव उपर छलफल गरी निर्णयलाई माइनुट गर्ने। | हरेक बैठक तथा आमभेलामा | निर्णयलाई माइनुटिङ गरेर | वन समिति |
| ३. | वन समूहले गठन गर्ने समिति तथा उप समितिहरुमा दलित, जनजाति, विपन्न वर्ग लगायत सामाजिक समूहको सदस्यता सुनिश्चित गर्ने। | सामाजिक संरचनाको अनुपात अनुसार समिति तथा उप समितिहरुमा सदस्य चयन हुनेछन। | सामाजिक अनुपातमा सदस्य चयन गरेर | वन समिति |
| ४. | उपभोक्ता क्षेत्रमा गठन भएका/हुने समूह तथा समिति (वित्तिय, सामाजिक, साँस्कृतिक) हरुमा दलित, जनजाति, विपन्न वर्ग लगायत सामाजिक समूहको सदस्यता सुनिश्चित गर्ने। | सामाजिक संरचनाको अनुपात अनुसार समिति तथा उप समितिहरुमा सदस्य चयन हुनेछन। | सामाजिक अनुपातमा सदस्य चयन गरेर | वन समिति |
| ५. | वन समिति तथा उप समितिका दलित, जनजाति, विपन्न वर्ग लगायत सदस्यहरुलाई कार्यालय व्यवस्थापन, लेखा व्यवस्थापन, नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गर्ने। | वन समिति तथा उप समितिका दलित, जनजाति, विपन्न वर्ग लगायत सबै सदस्यहरुलाई कार्यालय व्यवस्थापन, लेखा व्यवस्थापन, नेतृत्व विकास लगायत तालिम हासिल गरेको | वन समितिले सरोकारवालासँग समन्वय गरी विज्ञको सहयातामा उक्त तालिम संचालन गरेर | वन समिति |
| ६. | वन उपभोक्ता क्षेत्रका समूह, समिति तथा संघ संस्थाहरुबाट उपभोक्ता क्षेत्रका वा बाहिरका संघ संस्था वा कार्यालयसँग बैठक, समन्वय वा प्रतिनिधि पठाउदा दलित, जनजाति, विपन्न वर्गबाट समेत सदस्य प्रतिनिधी पठाउने | पालैपालो क्रमशः सबै सदस्यहरुलाई पठाउने | वन समितिले प्रतिनिधिको नाम निर्णय गरेर | वन समिति |
| ७. | वन कार्ययोजना तथा विधानको महत्व, विषयवस्तु तथा सामाजिक सामावेशीकरण सम्बन्धी योजनाको बारेमा दलित, जनजाति, विपन्न | वन समिति तथा उपसमितिहरुका सबै सदस्यलाई जानकारी गराउने | वन प्राविधिकको उपस्थितिमा छलफल कायक्रम आयोजना गरेर | वन समिति |

| क्र.सं. | क्रियाकलाप | लक्ष्य/सूचक | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|
| | वर्गका सदस्यहरुलाई सचेतना जगाउने। | | | |
| ८. | वन समिति तथा उप समितिका सदस्यहरुलाई वन तथा वातावरण सम्बन्धी नीति नियम बारेमा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने। | वन समिति तथा उप समितिका सबै सदस्यहरु वन तथा वातावरण सम्बन्धी नीति नियम बारेमा जानकार हुनेछन्। | वन प्राविधिकको उपस्थितिमा कायक्रम आयोजना गरेर | वन समिति |
| ९. | दलित, जनजाति, अतिविपन्न वर्ग, सामाजिक रुपमा पिछडिएको वर्गको लागि जीविकोपार्जनमा सघाउ पुर्याउने सीपमूलक तालिम सञ्चालन तथा सामाग्री सहयोग गर्ने। | योजना अवधिमा कम्तिमा ३० जना उक्त वर्गले सिकेको वा प्राप्त गरेको तालिम तथा सहयोगबाट जीविकोपार्जन गरिरहेका हुनेछन्। | विषय विज्ञको सहयोग लिई उक्त तालिम तथा प्रविधि सिकाएर | वन समिति |
| १०. | दलित, जनजाति, अतिविपन्न वर्ग, सामाजिक रुपमा पिछडिएको वर्गका जेहेन्दार छात्रछात्रालाई छात्रवृति प्रदान गर्ने। | योजना अवधिमा कम्तिमा १० जना छात्रछात्रालाई | सरकारी विद्यालयमा अध्ययन गर्ने उपभोक्ता क्षेत्रका जेहेन्दार छात्रछात्रा छनोट गरेर | वन समिति |

# परिच्छेद ९
# जलवायु परिवर्तन र जैविक विविधता संरक्षण

## ९.१ जलवायु परिवर्तन

### ९.१.१ जलवायु परिवर्तन सन्दर्भ

विश्वव्यापी रुपमा जलवायु परिवर्तन र यसका असरहरु सबैको चासोको विषय बनेको छ। केहि बर्ष अगाडिसम्म यो विषय वैज्ञानिकहरु माझ विवादित अवस्थामा रहेको भएता पनि जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी संस्था (Inter-governmental Panel on climate change, IPCC) को सन् २००७ को वैज्ञानिक प्रतिवेदनले जलवायु परिवर्तन भै रहेको आधिकारीक रुपमा निर्णय गरी सकेकाले अब यो विषय विवाद रहित बनेको छ। २० औं शताब्दीमा पृथ्वीको सतहको तापक्रम ०.७४ + ०.१८ को दरले बढको थियो भने २१ औं शताब्दीको अन्त्य सम्ममा १.१ देखि ६.४ डिग्री सेन्टीग्रेडसम्म तापक्रम वृद्धि हुने पूर्वानुमान छ (आई. पि. सी. सी. २००७)। यसैगरि नेपालको अवस्थालाई विश्लेषण गर्दा औषत तापक्रम ०.०६ डिग्री सेल्सियस प्रति बर्षका दरले वृद्धि भै रहेको वैज्ञानिकहरुको अनुसन्धानले देखाएको छ भने जल तथा मौसम विज्ञान विभागको आँकडा अनुसार सन् १९७५ देखि सन् २००६ सम्म अर्थात ३२ बर्ष भित्र नेपालको औषत तापक्रममा १.८ डिग्री सेल्सियसले वृद्धि भएको पाईएको छ।

वनको दिगो व्यवस्थापनको माध्यमबाट कार्वन उत्सर्जन कम गर्ने, कार्वन शोषण बृद्धि गर्ने र कार्वन सञ्चिति बढाउने जस्ता कार्य जलवायु न्यूनीकरणका लागि सबैभन्दा सहज सामाधान हो भन्ने कुरामा विज्ञहरु सहमत रहेका छन्। वनको संरक्षण गरी वायुमण्डलमा रहेको कार्वनडाइअक्साइड शोषण गरी भण्डारण गर्ने र वनबाट हुने उत्सर्जनमा कमि ल्याई जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने अभिप्रायबाट प्रेरित भई रेड प्लसको अवधारणा आएको छ। वन विनास तथा वन क्षयीकरणबाट हुने कार्वन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र वनको दिगो व्यवस्थापन मार्फत कार्वन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरे वापत विकासोन्मुख मुलुकहरुलाई विकसित राष्ट्रहरुबाट प्रोत्साहन स्वरुप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेड प्लस भनिन्छ।

जलवायु परिवर्तनलाई नेपालको संविधान २०७२, पञ्च वर्षिय योजना, दीगो विकास कार्यक्रम २००३ र दिगो विकास लक्ष्यले पनि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा यसका केहि पक्षलाई सम्बोधन गरेको छ।

### ९.१.२ जलवायु परिवर्तनका असरहरु

जलवायु परिवर्तनले स्पष्टतः तीन पक्षमा प्रभाव पारेको छः (१) तापक्रम वृद्धि, (२) वर्षा प्रकृयामा परिवर्तन (अतिवृष्टि, अनावृष्टि, सघन वृष्टि) र (३) ऋतुकाल परिवर्तन। यस प्रकारका परिवर्तनले देश, व्यक्ति, समाज तथा वातावरणका अन्योन्याश्रित सम्बन्धमा बिचलन पैदा गर्दछ। यस्ता प्रभावहरु विशेष गरेर जलस्रोत, कृषि, वन तथा जैविक विविधता, स्वास्थ्य र जिविकोपार्जनका क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा परेको पाईएको छ। जलवायु परिवर्तनका असरहरु ठाउँअनुसार फरक फरक हुन्छन्। जलवायु परिवर्तनका न्यूनीकरण तथा अनुकुलनका उपायहरु अवलम्वन गर्नको लागि स्थान विषेश असरहरुको पहिचान वाञ्छनिय हुन्छ। यसको लागि सामुदायिक वनका उपभोक्ताहरुसँग छलफल तथा अन्तक्रिया गरि यस सामुदायिक वन क्षेत्रमा भएका असरहरु पहिचान गरिएको छ। यस क्षेत्रमा देखापरेका जलवायु परिवर्तनका असरहरु तल उल्लेख गरिएको छ।

क) वसन्त ऋतु चाँडो सुरुवात हुने।
ख) तातो मौसम, विगत १० वर्षमा कम वर्षा भएको, जाडोयाम पहिला भन्दा गर्मी भएको।
ग) जाडो याममा हुने तरकारी तथा फलफुलहरुको स्वाद नमीठो हुने गरेको।
घ) लामखुट्टे नदेखिने ठाउँमा समेत देखिन थालेको, पशुहरुको जिब्रो सुनीने, गर्मीको कारणले जनावर वढी धक्ने।
ङ) अत्याधिक गर्मी र सुख्खायाममा वृद्धि भएको हुनाले मकै सुख्ने तथा नयाँ किराहरु देखा पर्ने गरेको।
च) पोखरी तथा नदीको पानी चाँडो सुक्ने गरेको।
छ) पिपल र सिमल समय भन्दा पहिला फुल्ने गरेको।
ज) जाडो याममा पहिला भन्दा न्यानो महसुस हुने गरेको।

झ)	हिउँदे वर्षा कम हुन थालेको।

### ९.१.३ जलवायु परिवर्तन न्यूनीकरणका कार्यक्रमहरु

जलवायु परिवर्तन तथा यसबाट पर्ने नकारात्मक प्रभावहरु न्यून गर्न मूख्यतया दुई पक्षमा जोड दिईएको छ :

क)	हरितगृह ग्याँस उत्सर्जनमा कमि ल्याउने तथा नकारात्मक प्रभाव न्यूनीकरण गराउने।

ख)	जोखिम क्षेत्रहरु पहिचान गरी अनुकुलनका उपायहरु अवलम्बन गर्ने।

यस सामुदायिक वनले जलवायु परिवर्तन न्यूनीकरणका लागि तल उल्लेखित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नेछ।

**क) वन विनास रोक्ने**

एक तिहाई ग्रिन हाउस ग्याँस वन विनासको तथा कृषी क्षेत्रको कारणले उत्सर्जन हुने गर्दछ। यातायात क्षेत्रको कार्वन उत्सर्जनमा योगदान १४ प्रतिशत छ भने वन विनासको कारणले हुने हरित गृह ग्यासको उत्सर्जनमा योगदान २० प्रतिशत रहेको छ। वन विनासलाई रोक्नु कम खर्चिलो तथा प्रभावकारी विधि हो। यस सामुदायिक वनले वन क्षेत्रको थप अतिक्रमण हुन नदिनका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नेछ।

**ख) वृक्षारोपण**

वृक्षारोपण जलवायु परिवर्तन न्यूनीकरणको प्रभावकारी विधि हो। यस सामुदायिक वनले वन व्यवस्थापन कार्यतालिका अनुसार विभिन्न क्षेत्रमा वृक्षरोपण गर्नेछ।

**ग) कृषि क्षेत्रमा अर्गानीक पदार्थहरुको प्रयोग**

कृषि क्षेत्रमा अर्गानीक पदार्थहरुको प्रयोग गर्नाले माटोमा कार्वन सञ्चिति हुनुका साथै जमिनको उत्पादकत्वमा समेत वृद्धि हुन्छ।

**घ) जैविक इन्धनको प्रयोग**

जैविक इन्धन प्रयोग गर्नाले फोसिल्स इन्धनको खपतमा कमी हुनुका साथै खाली तथा पर्ति जग्गामा उत्पादन गरिने हुनाले हरियाली समेत कायम हुन्छ।

### ९.१.४ जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु

जलवायु परिवर्तनको सन्दर्भमा अनुकूलन एउटा त्यस्तो कुनै कार्य हो, जसले जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई कम गर्न र/वा जलवायू परिवर्तनका कारण श्रृजित नयाँ अवसरहरुबाट लाभ लिन मद्धत गर्दछ। अनुकूलन अन्तर्गत दुई प्रकारका क्रियाकलापहरु पर्दछन्: प्रभाव देखिनु भन्दा अगाडि नै गरिने अनुकूलनका क्रियाकलापहरु (Anticipary Adaptation) र प्रभाव देखिसकेपछि त्यसबाट बच्न गरिने अनुकूलनका क्रियाकलापहरु (Reactive Adaptation)।

न्यूनीकरण (कारणलाई सम्बोधन गरेर) र अनुकुलन (असरलाई सम्बोधन गरेर)। अहिले सम्म न्यूनीकरणको पाटोमा सबैको ध्यान बढी केन्द्रित भएको पाइन्छ। जलवायू परिवर्तनको परिमाण स्वरुप हुन सक्ने सम्भावित खतरा र यसो हुनुमा मानवीय कारणहरु गाँसिएका छन् भन्नेमा कुनै दुईमत छैन। यस्तो अवस्थामा बढी जोखिममा परेको वर्ग/समूह (Most Vulnerable or least resilient) लाई परिवर्तित सन्दर्भमा अनुकूलित हुन आवश्यक सहयोग हुनुपर्ने आवाज चारैतर्फबाट उठेको अवस्थामा यस सामुदायिक वनको तर्फबाट यस कार्ययोजना अवधिभर निम्न लिखित कार्यक्रमहरु सञ्चालन गरिने छ।

क)	स्थानीय स्तरमा जोखिममा परेका समुदाय र बहु-सरोकारवालाहरुको सहभागितामा समुदाय अनुकूलन योजना तयार गर्ने।

ख)	पानी जम्मा गर्ने प्रविधि अपनाई बर्षातको पानीलाई जम्मा गर्ने र पानीको मुहानमा व्यवस्थापन, ग्रामीण क्षेत्रमा पानी वितरणको लागि नयाँ प्रणालीको विकास गर्ने प्रविधिमा सुधार गरी ईनार तथा कुवा मर्मत सम्हार गर्ने।

ग)	वैकल्पिक उर्जा प्रवर्द्धन क्रियाकलापहरु (जस्तैः सुधारिएको चुलो, वायोग्याँस आदि) संञ्चालन गर्ने।

घ)	वातावरणको Stress सहन सक्ने बालीको विभिन्न प्रकार हरुलाई बढावा दिई एकीकृत किरा व्यवस्थापन ।PM को प्रवर्द्धन गर्न सहयोग गर्ने।

ङ)	नयाँ प्रविधिको प्रयोग-धानको विभिन्न जातहरु प्रयोग गरी उब्जाउनु जो यो जलवायुको स्थितिमा पनि फल्न सक्छ), सरल थोपा सिचाँई (Drip Irrigation), घर बगैंचाको विविधीकरण, विउ बर्कै खडा गरी बीऊलाई सुरक्षित राख्ने जैविक कृषि प्रणाली, खस्केको जमिनमा खेती जस्तैः बगरे खेती, संस्थागत सुदृढीकरण तथा समुदायस्तरमा जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

च)	समुदायमा आधारित आगलागी व्यवस्थापन, Invasive प्रजातिका bi product सदुपयोग गर्नको लागि विभिन्न खालको प्रविधिहरुको प्रयोग, जस्तैः बनमाराबाट जैविक ब्रिकेट, खाली वा हैसियत बिग्रिएको जग्गामा समुदायमा आधारित वृक्षरोपण, पानीको स्रोत संरक्षण, भू-क्षय नियन्त्रण।

छ)	Integrated hedgerow technology, Zero tillage practices, Land Zonation, दिगो भू-व्यवस्थापन, वृक्षरोपण गरेर जमिनको हैसियतमा सुधार गर्ने (अम्रिसो तथा बहुउद्दशेयीय प्रजाति)।

ज)	जनचेतना अभिवृद्धि (नाटक, कविता वाचन, र्याली, स्कूलमा आधारित कार्यक्रम, मेला, आदि ) र क्षमता विकास कार्यक्रम (तालीम, भ्रमण) नीतिगत तहमा संलग्नता (सञ्चारसामग्री, नीतिगत विवरण, यात्रा, सेमिनार)

## ९.२ जैविक विवधता संरक्षण

### ९.२.१ जैविक विविधता सन्दर्भ

"जैविक विविधता" भन्नाले आकासीय, स्थलीय, जलीय, सामुद्रीक र अन्य क्षेत्रमा रहेका जिवजन्तुहरुको पारिस्थितिक प्रणाली (Ecosystem), त्यसको भागको रुपमा रहेको जिव र वनस्पतिको अन्तसम्वन्ध तथा विविधता सम्झनु पर्दछ। सो शब्दले प्रजातिय विविधता (Species Diversity), आनुवांशिक विविधता (Genetic Diversity) र पारिस्थितिक विविधता (Ecosystem Diversity) समेतलाई जनाउँदछ। कार्ययोजना तयारीको क्रममा यस सामुदायिक वनमा रहेको प्रजातिय विविधताको बारेमा जानकारी सङ्कलन गरिएको छ। जसलाई वानस्पातिक विविधता र वन्यजन्तु विविधता गरी २ भागमा विभाजन गरिएको छ।

### ९.२.२ जैविक विविधता संरक्षण तथा व्यवस्थापनका विषेश कार्यक्रमहरु

**क) जैविक विविधताको अभिलेखिकरण गर्ने**

यस सामुदायिक वन तथा उपभोक्ता क्षेत्रमा भएका महत्वपूर्ण वोटविरुवा, जिवजन्तु, जडीवुटी, कीराफट्याङग्रा आदिको अभिलेख तयार गरिने छ। यसका लागि सम्वन्धित विषयको विज्ञसँग समन्वय गरी कार्य सम्पन्न गरिने छ।

**ख) जैविक विविधता प्रदर्शनी प्लटको स्थापना गर्ने**

यस सामुदायिक वन क्षेत्रभित्र जैविक विविधता प्रदर्शनी प्लटको स्थापना गरिने छ। उक्त प्लटमा स्थानीय तथा परस्थानीय विरुवाहरुको विषेश संरक्षण, सम्बर्द्धन तथा विकासका कार्यहरु सञ्चालन गरिने छ। उक्त प्रदर्शनी प्लट स्थापना गर्ने क्रममा आवश्यक प्राविधिक सल्लाह सुझावका लागि डिभिजन वन कार्यालय तथा जैविक विविधता विज्ञसँग सम्पर्क गरी कार्य सम्पन्न गरिने छ।

**ग) वृक्षरोपण गर्दा लोपोन्मुख स्थानीय प्रजातिलाई प्रथामिकता दिने**

यस सामुदायिक वनको विभिन्न क्षेत्रमा स्थानीय रुपमा लोपोन्मुख बिरुवाहरुको वृक्षरोपण गरिने छ। विभिन्न प्रकारका जडिवुटी तथा गैर काष्ठ वन पैदावारलई समेत प्रथामिकतामा राखिनेछ।

**घ) स्थानीय तहमा निजि वनको प्रवर्द्धनमा सहयोग गर्ने**

जैविक विविधता संरक्षण गर्नको लागि निजि क्षेत्रलाई समेत परिचालन गर्ने गरि घरवरीपरि बगैंचा निर्माण गरी विभिन्न लोपोन्मुख विरुवा प्रजातिको संरक्षण र विकास गर्नका लागि विशेष कार्यक्रमहरु संञ्चालन गर्ने तथा सञ्चालन गर्ने निकायलाई आवश्यक सहयोग समेत प्रदान गरिने छ।

**ङ) जैविक विविधताको संरक्षण तथा उपयोगीता सम्वन्धि तालिम भ्रमणको आयोजन गर्ने**

यस सामुदायिक वनले समय समयमा जैविक विविधताको महत्व वुझाउन जैविक विविधताको संरक्षण, यसको आवश्यकता तथा अवसरहरुको बारेमा स्थानीय तहमा जनचेतनाको विकास गर्न विभिन्न तालिम, अध्ययन भ्रमणको व्यवस्था गरिने छ।

## ९.३ जैविक विविधता अनुगमन योजना

निर्धारण गरिएको सूचकहरुको आधारमा जैविक विविधताको वर्तमान अवस्था र यसमा आएको परिवर्तनलाई लेखाजोखा गर्ने प्रकृयालाई जैविक विविधता अनुगमन भनिन्छ। यस सामुदायिक वनमा जैविक विविधता अनुगमन रुपमा गरिने छ। विज्ञ टोलीको परामर्शमा जैविक विविधताको अनुगमन गर्नु वन समूहको जिम्मेवारी हुनेछ। अनुगमनको लागि आवश्यक पर्ने उपकरण तथा सामाग्रीहरु वन समूहले वन कार्ययोजनाको दश वर्षे कार्यक्रमको अधिनभित्र रही खरिद गर्नेछ। जैविक विविधता अनुगमन टोलीले अुनगमन फारामको प्रयोग गरी तथ्याङ्क सङ्कलन र विश्लेषणको कार्य गर्नेछ। यस अनुगमन योजनाको विस्तारित रुप तालिका ९.१ मा समावेश गरिएको छ।

***तालिका ९.१: जैविक विविधता अनुगमन योजना***

| क.सं. | अनुगमन विधि | सूचक | कहिले |
|---|---|---|---|
| १. | स्रोत सर्वेक्षण | बृद्धि मौज्दात, बायोमास/कार्बन, वनस्पति/वन्यजन्तुको प्रजाति विविधता, छत्र/जमिनको ढकाब, टुप्पा नभएको/सुकेको/ढलेको रुख संख्या, वन डडेलो, चरिचरन, अतिक्रमण आदि | हरेक १० वर्षमा |
| २. | ट्रान्जेक्ट वाक | वनस्पति/वन्यजन्तुको प्रजाति विविधता, छत्र/जमिनको ढकाब, टुप्पा नभएको/सुकेको/ढलेको रुख संख्या, वन डडेलो, चरिचरन, अतिक्रमण आदि | अर्धवार्षिक तथा वार्षिक रुपमा |
| ३. | फोटो मनिटरिङ्ग | वनस्पति/पारिस्थिकीय प्रणालीमा परिवर्तन, ल्याण्ड युज ल्याण्ड कभर म्याप | हरेक २ वर्षमा |
| ४. | घरधुरी सर्वेक्षण | जनसंख्या, पशुको संख्या, वन पैदावारको माग | हरेक १० वर्षमा |
| ५ | समूहगत छलफल | जैविक विविधतालाई क्षति पुर्याउन सक्ने सम्भावित कारण तथा उक्त सवालमा उपभोक्ताको विचार, त्रासको स्तरीकरण | हरेक तीन वर्षमा |
| ६ | सुचनादातासँग अन्तरवार्ता | जैविक विविधतालाई क्षति पुर्याउन सक्ने सम्भावित कारण तथा उक्त सवालमा उपभोक्ताको विचार, त्रासको स्तरीकरण | हरेक ५ वर्षमा |

## परिच्छेद १०
## वन व्यवस्थापन कार्यक्रम

### १०.१ वार्षिक कार्यक्रम

यस सामुदायिक वन उपभोक्ता समूहले वन प्राविधिकको सल्लाह र सहयोगमा आगामी १० वर्ष भित्रको अवधिमा गरिने दिगो वन व्यवस्थापनका एकिकृत कार्यक्रमहरु यस प्रकार रहेको छ। यसका अतिरिक्त समूहले आवश्यकता अनुसार वार्षिक साधारण सभाबाट निर्णय गराई उपभोक्ताहरुको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुर्याउने खालका कार्यक्रमहरु, वन व्यवस्थापनका कार्यक्रमहरु र सामाजिक तथा सं्स्थागत विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ। वार्षिक कार्यक्रमहरु समूहको आमभेलावाट **अनुसूची २** को ढाँचामा तर्जुमा तथा अनुमोदन गरी डिभिजन वन कार्यालयको स्वीकृति लिएर सञ्चालन गर्नु पर्नेछ।

*तालिका १०.१: १० वर्षमा सञ्चालन गरिने कार्यक्रमहरु*

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण (१० वर्षमा) | कसरी | कहाँ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **वन संरक्षण कार्यहरु** | | | | | |
| १.१ | चरिचरण नियन्त्रण | प्याकेज | प्रत्यक वर्ष | रोटेशनल पद्वति अपनाउने | सवै खण्डहरुमा | |
| १.२ | वन डढेलो नियन्त्रणका लागि टोल गठन तथा अनुशिक्षण | टोली | प्रत्यक वर्ष | समितिको आमभेलाको निर्णय | | |
| १.३ | वन डढेलो नियन्त्रणका लागी टोली परिचालन | प्याकेज | प्रत्यक वर्ष | | वन क्षेत्रमा | |
| १.४ | वन डढेलो नियन्त्रण सामाग्री खरिद | सेट | ५ सेट | | | |
| १.५ | वन डढेलो, चोरी निकासि तथा वन अतिक्रमण नियन्त्रण सुराकि प्रोत्साहन खर्च | प्याकेज | प्रत्यक वर्ष | सुराकी खटाई | | |
| १.६ | सामुदायिक गस्ती टोली गठन र लजिस्टिक सामाग्री (र्याकर, सावेल,बन्चरो,पिक,पञ्जा,हेलमेट,खुर्पा,पानी थैली,बाल्टिन) खरिद | टोली | २ सेट | | | |
| १.७ | वन हेरालु | जना | १ | आमभेलाको निर्णयवाट | | |
| १.८ | काँडे तारवार | कि.मि. | आवश्यकता अनुसार | | | |
| १.९ | वन सिमाङ्कन | कि.मि. | १ पटक | प्रष्ट निशान चिन्ह लगाउने | वन सिमाना र | |

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण (१० वर्षमा) | कसरी | कहाँ | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | खण्ड सिमाना | |
| १.१ | अग्नी रेखा निर्माण | कि.मि. | आवश्यकता अनुसार | | वन क्षेत्रमा | |
| १.११ | काठ दाउरा घाटगद्दि (वरामद तथा पक्राउ परेका) | पटक | १ | निर्णय अनुसार | | |
| २ | **वन विकास कार्यहरु** | | | | | |
| २.१ | बिरुवा खरिद तथा वितरण (हजारमा) | गोटा | प्रतयक वर्ष २ हजार विरुवा | खरिद गरि वितरण गरिने | | |
| २.२ | वृक्षारोपण | हे. | प्रत्यक वर्ष ०.५ हे. | | | |
| २.३ | पुनःरोपण | हे. | | | | |
| २.४ | सडक किनारा वृक्षारोपण | कि.मि. | | | | |
| २.५ | निजी जग्गामा वृक्षारोपण अनुदान | हे. | प्रत्यक वर्ष | सा.व. आफैले खरिद गरी वा सरोकारवाला निकायसँग समन्वय गरी | | |
| ३ | **वन सम्वर्द्धनका कार्यहरु** | | | | | |
| ३.१ | पुनरुत्पादन बढवाको लागि कटान | | | | | |
| ३.२ | झाडि सरसफाई | हे. | प्रत्यक वर्ष १ हे. | वृक्षारोपण गरेको क्षेत्र ०.५ हे र अन्य झाडि धेरै भएको क्षेत्रमा कम्तिमा ०.५ हे. | | |
| ३.३ | एक्ल्याउने | हे. | | | | |
| ३.४ | पत्ल्याउने | हे. | प्रत्यक वर्ष ०.५ हे. | पोलको मौज्दात वढि भएको क्षेत्रमा | | |
| ३.५ | गोडमेल | हे. | प्रत्यक वर्ष ०.५ हे. | वृक्षारोपण गरेको क्षेत्रमा | | |
| ४ | **वन सदुपयोग कार्यक्रमहरु** | | | | | |
| ४.१ | वन सदुपयोग वार्षिक योजना तयारी | गोटा | प्रत्यक वर्ष (साधारण सभामा) | आमभेलाको छलफलवाट | | |

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण (१० वर्षमा) | कसरी | कहाँ | कैफियत |
|---|---|---|---|---|---|---|
| ४.२ | काठ संकलन | क्य.फि. | ३२२७.०६ / वार्षिक | स.डि.व.का.को प्राविधिक सहयोग | खण्डहरुमा | |
| ४.३ | दाउरा संकलन | चट्टा | ५.४२ / वार्षिक | स.डि.व.का.को प्राविधिक सहयोग | खण्डहरुमा | |
| ४.४ | खोटो संकलन | टिन | 592.33/ वार्षिक | स.डि.व.का.को प्राविधिक सहयोग | खण्डहरुमा | |
| **५** | **गरिवमुखी आयआर्जन तथा जिविकोपार्जन कार्यक्रम** | | | | | |
| ५.१ | सिपमूलक तालिम सञ्चालन | प्याकेज | योजना अवधिमा ५ वटा | सा.व. र सरोकारवाला निकायको समन्वयमा | समूहमा | |
| ५.२ | आयमूलक,सिपमूलक तथा उद्यमसिल कार्य सहयोग | वटा | योजना अवधमा ५ वटा | " | समूहमा | |
| ५.३ | पशुपालन | वटा | योजना अवधिमा २ वटा | " | समूहमा | |
| ५.४ | फलफुल विरुवा उत्पादन तथा वितरण (हजारमा) | गोटा | २ | " | समूहमा | |
| ५.५ | वन उद्यम कार्यक्रममा सहयोग | प्याकेज | योजना अवधिमा १ वटा | " | समूहमा | |
| ५.६ | आयआर्जन कार्यक्रमका लागी घुम्तिकोष परिचालन | समूह | प्रति वर्ष रु. ५० हजार | " | समूहमा | |
| | **जम्मा** | | | | | |
| ६ | **पर्यापर्यटन प्रवर्द्धन तथा जैविक विविधता संरक्षण कार्यक्रम** | | | | | |
| ६.१ | पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | प्याकेज | योजना अवधिभर १ पटक | सरोकारवाला निकायको समन्वयमा | | |
| ६.२ | जैविक विविधता अभिलेखिकरण | पटक | १ | कार्ययोजना नवीकरण गर्दा | | |
| ६.३ | वन्यजन्तु संरक्षण तथा घाईते वन्यजन्तु उद्धार तथा सहयोग | प्याकेज | आवश्यकता अनुसार | | | |
| ६.४ | वंशानुगत श्रोत संरक्षण (दुर्लभ,लोपोन्मुख तथा संकटापन्न वन्यजन्तु तथा वनस्पति) | प्याकेज | आवश्यकता अनुसार | | | |
| ६.५ | वन्यजन्तुका लागी पोखरी निर्माण | गोटा | योजना अवधिमा १० वटा | आमभेलाको निर्णयवाट | वन खण्डहरुमा | |

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण (१० वर्षमा) | कसरी | कहाँ | कैफियत |
|---|---|---|---|---|---|---|
| ६.६ | ईकोक्लब गठन तथा सहयोग | गोटा | १ | सरोकारवाला निकायको समन्वयमा | | |
| ७ | **भू-तथा जलाधार संरक्षण कार्यक्रम** | | | | | |
| ७.१ | वायोईन्जिनियरिङ्ग खोला किनार संरक्षण | | आवश्यकता अनुसार | | | |
| ७.२ | ताल संरक्षण तथा व्यवस्थापन कार्यक्रम | गोटा | आवश्यकता अनुसार | | | |
| ८ | **संस्थागत विकास कार्यक्रमहरु** | | | | | |
| ८.१ | समूहको कार्ययोजना परिमार्जन | पटक | योजना अवधिको अन्तिम वर्षमा | स.डि.व.का.को प्राविधिक सहयोगमा | | |
| ८.२ | अनुगमन तथा मुल्याङ्कन | प्याकेज | समय समयमा | आन्तरिक तथा स.डि.व.का. वाट | | |
| ८.३ | समूहको साधारण सभा | पटक | २ | | | |
| ८.४ | कार्यकारिणि समितिको वैठक | पटक | प्रत्यक महिनामा | | | |
| ८.५ | उत्कृष्ट कार्य गर्ने समूहका सदस्यको मुल्याङ्कन तथा पुरुस्कार | जना | वार्षिक | | | |
| ८.६ | उत्कृष्ट निजी वन पुरुस्कार | जना | योजना अवधिभर २ जनालाई | | | |
| ८.७ | प्रचारप्रसार सामाग्री उत्पादन तथा वितरण | पटक | १ | | | |
| ८.८ | वार्षिक प्रगति प्रतिवेदन तयारि | पटक | प्रत्यक वर्ष | | | |
| ८.९ | दिवश,समारोह, आमभेला | पटक | आवश्यकता अनुसार | | | |
| ८.१ | कार्यालय भवन निर्माण तथा मर्मत | प्याकेज | आवश्यकता अनुसार | | | |
| ८.१ | कार्यालय सञ्चालन खर्च | प्याकेज | आवश्यकता अनुसार | | | |
| ८.१ | समिति पदाधिकारीको समन्वय तथा सहकार्य खर्च | महिना | आवश्यकता अनुसार | | | |
| ८.१ | कार्यालय सहायक | जना | १ | वन हेरालुको समेत काम गर्ने गरी | | |
| ९ | **सुशासन तथा क्षमता अभिवृद्धि कार्यक्रम** | | | | | |

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण (१० वर्षमा) | कसरी | कहाँ | कैफियत |
|---|---|---|---|---|---|---|
| ९.१ | जलवायु परोवर्तन, कार्बन तयार तथा रेड सम्बन्धि सचेतना तालिम (उपभोक्ता) | पटक | योजना अवधिभर १ पटक | सरोकारवाला निकायको समन्वयमा | सा.व.मा | |
| ९.२ | वन व्यवस्थापन सम्बन्धि सचेतना तालिम (उपभोक्ता) | पटक | योजना अवधिभर ५ पटक | सरोकारवाला निकायको समन्वयमा | सा.व.मा | |
| ९.३ | लैङ्गिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशिकरण तालिम | पटक | योजना अवधिभर ५ पटक | सरोकारवाला निकायको समन्वयमा | सा.व.मा | |
| ९.४ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन गोष्ठि(उपभोक्ता) | पटक | वार्षिक | सरोकारवाला निकायको समन्वयमा | सा.व.मा | |
| ९.५ | वन डढेलो नियन्त्रण सम्वन्धि बिद्यालय शिक्षा | पटक | वार्षिक | सरोकारवाला निकायको समन्वयमा | नजिकको विद्यालयमा | |
| ९.६ | वार्षिक योजना तर्जुमा गोष्ठि | पटक | वार्षिक | सरोकारवाला निकायको समन्वयमा | सा.व.मा | |
